अग्निदेव र उनको प्रतिमा

-डा. वीणा पौड्याल

वैदिक देवता अग्निको धार्मिक र सामाजिक दुवै प्रकारको महत्त्व छ । वैदिक देवताहरूमा अग्निदेवको उच्च स्थान रहेको तथ्य वेदका विभिन्न ऋचाहरूबाट प्रष्ट हुन्छ । तर पछि पौराणिक समयमा देव परिवारमा ठूलो परिवर्तन आयो र इन्द्र, वायुदेव जस्तै अग्निदेवको स्थान पनि तल झऱ्यो र एउटा दिक्पालको रूपमा मात्रै अग्नि पूजित हुन थाले । हिन्दूहरूको प्राचीन र महत्त्वपूर्ण ग्रन्थ ऋग्वेदको प्रथम मन्त्र नै अग्निदेवको आह्वानबाट प्रारम्भ भएको छ ।

ऋषिः मधुच्छन्दा, देवताः अग्नि, छन्दः गायत्री
अग्निमीले पुरोहितं यज्ञष्य देवमृत्विजम्
होतारं रत्नधातमम् । १ ।
अग्निः पूर्वेभिऋषिभिरीडयो नूतनैरूत
स देवां एह वक्षति । २ ।
अग्निना रयिमश्नवत् पोषमेव दिवेदिवे
यशसं वीरवत्तमम् । ३ ।
अग्ने यं यज्ञमध्वरं विश्वतः परिभूरसि
स इद्देवेषु गच्छति । ४ ।
अग्निर्होतः कविक्रतुः सत्यश्चिागश्रवस्तमः
देवो देवेभिरागमत् । ५ । (ऋग्वेद, १,१)

अर्थः

म अग्निको स्तुति गर्दछु । अग्नि यज्ञको पुरोहित, यज्ञमा देवताहरूलाई बोलाउने र यज्ञफल धारण गर्दछन् । प्राचीन ऋषिले अग्निको स्तुति गरेका थिए, वर्तमान ऋषिले पनि अग्निको स्तुति गर्दछन् । अग्निको कृपाले यज्ञमानलाई यज्ञ र धन प्राप्त हुन्छ र बढ्छ । हे अग्नि ! यो यज्ञमा आउ र देवतालाई पनि बोलाउ । तिमी यजमानको कल्याण गर्दछौं । हामी तिमीलाई नमस्कार गर्दछौं । छोराले बाबु सजिलैसंग प्राप्त गरे जस्तै हामी पनि तिमीलाई सजिलैसंग प्राप्त गर्न सकौं ।

वेदको उल्लेख अनुसार मनुष्यले आह्वान गरेर चढाएको हवि विभिन्न देवताहरूलाई पुऱ्याउने महत्त्वपूर्ण कार्य पनि यज्ञको पुरोहित अग्निले नै गर्दछन् । देवताहरू बिहान सबैरै उठ्दछन् तर अग्नि भने के दिन के रात दुवै समयमा जाग्रामै बस्दछन् । अग्निको दैविक दृष्टि चन्द्रमा, ताराको अनुपस्थितिमा दिन कायमै रहन्छ ।

हिन्दू धर्मग्रन्थ अनुसार अग्निको ३ रूप प्रष्ट देखिन्छ । (क) सूर्य, (ख) आकाशमा चम्किने बिजुली, (ग) पृथ्वीको आगो । अग्निको यो रूप होम गर्दा पनि देखिन्छ । २३ वटा काठका टुक्रा माथि ३ वटा काठ त्रिकोण

आकारमा राखिन्छ जसले धर्ति आकाश र जीवात्मामा रहेको अग्निको प्रतिनिधित्व गर्दछ । पुराणहरूमा अग्निलाई पनि सूर्यकै रूप मानिएको छ । विष्णु पुराण अनुसार सूर्य जब अस्ताचलमा जान्छन् तब आफ्नो तेज अग्निलाई अर्पित गरेर जान्छन् । त्यसैले अग्निको ज्वाला राति परबाटै देखिन्छ । प्रभा विशस्वतो रात्रावस्तं गच्छाति भास्करे विशत्याग्निमतो रात्रों बहिर्दूरात्प्रकाशते ।

विष्णु पुराण २/८/२४

अग्निदवलाई मानिसको सम्पूर्ण पाप देख्ने र पापीलाई दण्ड दिने देवताको रूपमा पनि वर्णन गरिएको छ ।

अग्निको जन्मबारे विभिन्न कथा पुराणमा छन् । आजको जस्तो एक काटी सलाईमा अग्निको शक्ति जम्मा पार्ने प्रविधि प्राचीन समयमा थिएन, त्यसैले दुइवटा काठ वा ढुङ्गा रगडेर घर्षणबाट उत्पन्न आगो धार्मिक र सामाजिक कार्यको लागि प्रयोग गरिन्थ्यो । काठ, ढुङ्गा रगडेर वायुको मद्दतले आगो बल्ने भएकोले अग्निलाइ वायु पुत्र पनि भनिन्छ ।

हिन्दूहरूको अष्ट दिक्पालमध्ये अग्निको दक्षिण पूर्व दिशाको रेखदेख र रक्षा गर्दछन् । अरू ७ दिक्पालमध्ये (१) इन्द्रले पूर्व, (२) यमले दक्षिण, (३) निऋति दक्षिण-पश्चिम, (४) वरूण पश्चिम, (५) वायु उत्तर-पश्चिम, (६) कुवेर उत्तर र (७) ईशान उत्तर-पूर्वको देखरेख गर्दछन् ।

हिन्दू धर्मग्रन्थमा अष्ट दिक्पालको उल्लेख भए जस्तै महायानी बौद्ध धर्मग्रन्थमा चार महापालको (चतुर महाराज, चार दिक्पाल) वर्णन छ । पूर्वपट्टि हातमा वीणा लिएका धृतराष्ट्र, पश्चिमपट्टि हातमा चैत्य लिएका ३ आँखा भएका विरूपाक्ष, उत्तरतर्फ न्याउरीमुसा लिएका वैश्रवण र दक्षिणतर्फ खड्ग लिएका विरूदक गुम्बा र विहारका चार दिशामा अंकित गरिन्छ । बौद्ध धर्मग्रन्थमा चार दिक्पालको उल्लेख भए जस्तै शुरूमा हिन्दू धर्मग्रन्थमा पनि चार दिक्पालको मात्रै उल्लेख थियो । हिन्दू धर्मग्रन्थहरूमा दिक्पालको नाम र संख्या भने एउटै छैन । कुनै ग्रन्थमा सूर्य र चन्द्र पनि दिक्पालको रूपमा पूजित छन् । रामायणमा पनि चार दिक्पालको मात्रै उल्लेख छ । जैन ग्रन्थमा पनि दिक्पालहरूको उल्लेख छ जसमा हिन्दू धार्मिक ग्रन्थमै उल्लेख भएको दिक्पालहरूको नामसंगै ब्रम्हा र नाग पनि थपिएका छन् । वी.सी. भट्टाचार्यको जैन आइकनोग्राफोमा यसको वर्णन गरेका छन् । (J.N. Banerjea, Development of Hindu Iconographo 1985 P. 520-22) यसरी हिन्दू बौद्ध, जैन सबै धर्मग्रन्थमा दिक्पालको उल्लेख पाइन्छ ।

यो दिक्पालमध्ये अधिकांश देवताले वैदिक देववादमै प्रधान र प्रमुख स्थान प्राप्त गरेका थिए । वैदिक धर्ममा अग्निको स्थान सारै महत्त्वको थियो तर पछि पौराणिक

अग्निलाई दिक्पालको स्थानमा राखियो । प्रतिमा निर्माण गर्दा दिक्पालहरूको चार हात बनाउनु पर्ने नियम रूपमण्डनमा



छ । तर मत्स्यपुराणमा दुई हात भएको दिक्पालहरूको निम्नलिखित वर्णन गरिएको छ ।

वैऱ्हेस्तु लक्षणं वक्ष्ये सर्वकाम फलप्रदम्
दीप्तं सुवर्णवपुषमर्धचन्द्रासने स्थितम् ।
वालार्कसदृशं तस्य वदनञ्चापि दर्शयेत्
यज्ञोपवीतिनं देवं लम्बकूर्चधर तथा ॥
कमण्डलुं वामकरे दक्षिणे तवक्षसूत्रकम्
ज्वाला वितानसंयुक्त मजवाहन मज्वतम् ॥
कुण्डस्थं वापि कुर्वोत मूर्ध्निसप्तशिखान्वितम् ।
(मत्स्य पुराण, २६०/९/१२)

(बलराम श्रीवास्तव (सं) रूपमण्डन, मोतीलाल सं. २०२१, पृ. ४४-४६)

पंच तत्त्व जल, पृथ्वी, आकाश, हावा र अग्निबाट नै सम्पूर्ण जीव र विश्व ब्रम्हाण्डको निर्माण भएको छ । हिन्दू दर्शन अनुसार मानिसको मृत्युपछि पंच तत्त्वले निर्मित उसको शरीर पंच तत्त्वमै मिल्दछ । अजर र अमर आत्मा मात्रै बाँकी रहन्छ ।

अग्निलाई अपच भएको प्रसंग पनि रोचक छ । राजा श्वेतकीले लामो समयसम्म यज्ञ गरेकाले वायुमण्डल धुवाँले ढाकियो, ऋषिहरूले यज्ञमा चरू होम्न मानेनन् तर श्वेतकीले शिवलाई प्रार्थना गरेर ऋषि दुर्वाशाद्वारा अरू १२ वर्षसम्म आफ्नो यज्ञ गराए । यसरी लामो समयसम्म आगोमा चढाइएको विभिन्न वस्तु ग्रहण गर्दा गर्दा अग्निको पेट बिग्रियो । उनलाई अपच हुन थाल्यो । अनेक उपाय गर्दा पनि केही लागेन, अग्नि ब्रम्हाकहाँ समस्याको समाधानको लागि गए । ब्रम्हाले खाण्डव वन दाह गर्न सके अग्निको पेटको उपचार हुने कुरा बताइदिए । त्यही अनुरूप कृष्ण र अर्जुनको मद्दतले अग्निले खाण्डव वन दाह गरे । महाभारतको आदिपर्वमा अग्निले कृष्ण र अर्जुनलाई आफूले वरूणद्वारा प्राप्त गरेको गाण्डिव धनु, वाण खाली नहुने ठोक्को, सेतो ४ वटा घोडाले तानेको सुन्दर रथ पनि प्रदान गरेको वर्णन छ । (Vetlam Man, Puranic Encyciopaedia, 1993, p 11) एकपल्ट इन्द्र र अग्निले राजा शिविको दानको परीक्षा लिने विचार गरे । अग्निले परेवाको रूप र इन्द्रले वाजको रूप लिए । वाजले लखेटेको परेवा राजा शिविको शरणमा गयो । बाज पनि आफ्नो शिकार पछ्याउँदै राजाकै सभामा पुग्यो । बाजले आफ्नो शिकार माथिको हक दावी गऱ्यो । राजाले शरणको मरण नगर्ने कुरा बताए, अन्त्यमा राजा शिविले आफ्नो मासु काटेर परेवाको तौल बराबर नै दिने वचन गरे पछि झगडा टुंगियो । राजा शिविसंग हारेपछि अग्नि र इन्द्रले आफ्नो सच्चा रूपमा आएर शिविलाई स्वर्ग लिएर गए ।

पुराणमा ऋषि भृगुले आफ्नो गर्भिणी पत्नी पुलोमालाई अग्निको जिम्मामा आश्रममा छाडेको प्रसंग छ । भृगु ऋषि आश्रमबाट निस्किएपछि पुलोम नाम राक्षस त्यहाँ आएर अग्निलाई आफूले पुलोमालाई मानसिक रूपले विवाह गरेको कारण बताउँदै हाँसको रूप लिएर पुलोमालाई उडाएर लगे । प्रसवको समय भैसकेको पुलोमाले बाटैमा पुत्र (च्यवन) लाई जन्म दिइन् । च्यवन (प्रसिद्ध ऋषि) को अनुहारमा सूर्यको जस्तो तेज देखेर राक्षस पुलोमा डराए, अनर्थ हुने डरले पुलोमा र च्यवनलाई छोडेर आफू भागे । पुलोमा आफ्नै पति भृगुको आश्रममा फर्किइन् । यता ऋषि भृगुले अग्निलाई पुलोमाको सुरक्षा गर्न नसकेको हुनाले पृथ्वीमा भएको सबै अपवित्र वस्तु पनि खानु पर्ने श्राप दिए । अग्नि श्रापबाट बच्न लुक्न गए । त्रिभुवनमै हाहाकार मच्चियो । अग्नि विनाको मानव जीवन त झन कठीन भयो । अन्त्यमा ब्रम्हाले अग्निको श्रापलाई यसरी परिवर्तन गरे अग्निले जे छोए पनि त्यो पवित्र हुने भयो । यो वरदानपछि अग्निले आफ्नो काम फेरि शुरू गरे । (महाभारत, आदिपर्व, पौलोमपर्व, २२)

ओठले फुकेपछि मात्र अग्नि प्रज्वलित हुने प्रसंग पनि निकै चाखलाग्दो छ । महिशमतिपुरका शक्तिशाली राजाकी सुन्दर छोरी सुदर्शनालाई देख्ने वित्तिकै अग्नि प्रेममा परे । अग्निले दिन रात सुदर्शनाको सुन्दर ओठ मात्र देख्न थालेको हुँदा सुदर्शनाले ओठले फुकेपछि मात्र अग्नि प्रज्वलित हुन थाले, यो प्रेम-कहानी अग्नि र सुदर्शनाको विवाहमा टुंगियो ।

त्रयम्वक (तीनवटा आमाका छोरा) भनेर ऋग्वेदमा

संबोधन गरिएका अग्निलाई विदुषी स्टेला क्र्यामरीचले आगोलाई (पंचतत्व मध्ये एक) (१) आगो, (२) अग्निदेवको (इश्वर) रूपमा र (३) रूठको रूपमा वेदमा दर्शाइएको कुरा व्याख्या गरेकी छिन्। (Stella Kramrisch The Presence of Siva, Princeton, U.P. 1981, p. 16)

दश मुख्य उपनिषदमध्ये कठोपनिषदमा ब्रम्हाविधाको सम्बन्धमा स्पष्टसंग व्याख्या छ। (इश, केन, कठ, प्रश्न, मुण्डक, मांण्डूब्य, ऐतरेय, तैतरीय, छान्दोग्य, बृहदार ण्यकउनिषद) कठोपनिषदमा यमराज र बालक नचिकेता प्रश्न उत्तर क्रममा पनि अग्निको प्रसंग आउँछ। विभिन्न अग्नि मध्ये नचिकेता अग्निलाई ३ पल्ट छान्ने मानिस (आमा, बाबु, गुरू) तिनै जनासंगको सम्बन्ध राखेर जन्म र मृत्युलाई पार गर्दछन्। ब्रम्हाबाट उत्पन्न ज्ञानवान र स्तुतियोग्य देवतालाई जानेर अनुभव गरेर यो शान्ति प्राप्त हुन्छ। (स्व. चिन्मयानन्द, कठोपनिषद, १९८२, पृ. ६४-६५)

त्रिणाचिकेतस्त्रिभिरेत्य सन्धिं
त्रिकर्मकृत्तरति जन्ममृत्यु
ब्रम्हाजज्ञं देवमीड्यं विदित्वा
निचाय्येमां शान्तिमत्यन्तमेति
(कठोपनिषद १-१७)

अग्निको प्रतिमाः वैदिक देवता अग्निको वेदमा शारीरिक भन्दा गुण अथवा कार्यको अनुसार वर्णन छ। हिन्दू धर्म र दर्शनको भावना, चिन्तन यति फराकिलो र विशाल छ कि यहाँ पंचतत्वलाई (अग्नि, वायु, पृथ्वी, तेज, जल) इश्वरीय गुण सहित मानव आकृतिमा कल्पना गरेर कुद्ने प्रचलन छ। त्यसैले हामी कहाँ पृथ्वीको मूर्ति बनाउँदा गोलो डल्लो मात्र नबनाएर सुन्दर स्त्री मूर्तिको (माताको रूपमा) रूपमा बनाइन्छ। त्यसरी नै गंगा जमुना नदीलाई पनि खोलाकै प्राकृतिक रूपमा मात्र नदेखाएर सुन्दर स्त्री रूपमा चित्रण गरिन्छ, त्यस्तै अग्निलाई बलेको आगोको रूपमा मात्रै चित्रण नगरेर मानव आकृतिमा कुदिन्छ। प्रतिमा विज्ञानका विभिन्न पुस्तकमा अग्नि देवको प्रतिमा निर्माण गर्ने नियम तोकिएको छ। विष्णुधर्मोत्तरमा यस्तो वर्णन छ, अग्निको शरीरको वर्ण रातो छ, जसबाट तेज प्रकट हुन्छ। तेजको रंग पनि रातै छ। (रक्त हि तजसो रूपं रक्तवर्ण ततः स्मृतम्। विष्णुधर्मोत्तर ५६। ४)

विष्णुधर्मोत्तरको अर्को स्थानमा शिवको जस्तै रूपको वर्णन छ। तीन नेत्र जटा, अक्षमाला, त्रिशुल, धारी अग्नि सत्व, रज, तम गुणको प्रतिनिधित्व गर्दछन्। सबै प्रकारको औषधिको प्रतिनिधित्व पनि अग्निले गर्दछ। (विष्णुधर्मोत्तर ५६। ६-७)

विष्णुधर्मोत्तरमा अग्नि र स्वाहाको संगसंगै बनाइने प्रतिमाको उल्लेख छ। चार वटा हात, तीन वटा आँखा, जटा, ज्वालासमूहद्वारा घेरिएको, सारथी वायु, दाहिने हातमा ज्वाला एवं त्रिशुल, बायाँमा अक्षमाला, बायाँ काखमा रत्नपात्र लिएको अग्निको पत्नी स्वाहा बनाउनु पर्दछ। (प्रियकाला शाह (सं.), विष्णु धर्मोत्तर वडोदा, १९३८)

मत्स्यपुराणमा पनि अग्निको प्रतिमा बनाउने नियम तोकिएको छ जस अनुसार अग्निको प्रतिमामा ज्वालामण्डल, यज्ञोपवित, लामो दाह्री, बोका बाहन, दायाँ र बायाँ हातमा अक्षसुत्र एवं कमण्डलु हुनु पर्दछ। (मत्स्य पुराण, रामप्रताप त्रिपाठी, प्रयाग, २००३)

भारतको मध्य प्रदेशको छतरपुर जिल्लाको खजुराहोमा अग्निका थुप्रै सुन्दर मूर्तिहरू छन्। लक्ष्मण मन्दिरको दक्षिण-पूर्व कुनामा अग्निलाई दिक्पालको रूपमा जगदम्बी मन्दिरमा एक्लै उभिएको र पत्नी स्वाहालाई अंगालो हालेको आदि विभिन्न थरीका मूर्ति कुँदिएका छन्। खजुराहोको अग्नि प्रतिमामा बोका र भेंडा दुवै बाहनको रूपमा छेउमा कुँदिएको छ। अग्निदेव यज्ञका मर्मज्ञ मानिएका छन्, उनी पुरोहितको साथसाथै ऋषि पनि हुन्। ऋषिहरूमा पनि दिव्य ऋषि मानिएका अग्निको हातमा यज्ञ-पात्र, बनाइन्छ। (रामश्रय अवस्थी, खजुराहोकी देव-प्रतिमाएं, ओरिएण्टल पब्लिसिंग हाउस, १९७५, पृ. २४)

गोपिनाथ रावले आफ्नो पुस्तक Elements of Hindu Iconography मा अग्निको २ वटा प्रतिमाको वर्णन र फोटो पनि राखेका छन्। भारतको कन्दीयूरको शिव मन्दिरमा बोकाको दुई वटा टाउको, तीन वटा खुट्टा र सात वटा हात भएको अग्निको प्रतिमा छ। दोश्रो प्रतिमा

चिदाम्बरम् शिव मन्दिरमा छ। चिदाम्बरम्को प्रस्थरको अग्नि मूर्तिको दुई वटा टाउको पछाडि माथितिर गएको अग्निज्वाला र मूर्तिको पृष्ठभूमिमा साढे बनाइएको छ। यो अग्निको दुवै मूर्ति विशेष प्रकारका छन्। (T.A. Gopinatha Rao, Elements of Hindu Iconography No III, Part II, Deehi, P. 524)

नेपालमा अग्निको प्रतिमा हातको औलामा गन्न सकिने मात्र छन्।

१) चाँगुनारायण मन्दिरको टुडाँलको अग्निदेव
२) स्वयम्भु अग्निपुरको अग्नि (Mary Shephed Slusser, Nepal Mandala Vol: 2, 1982, Page 439)
३) पशुपति ब्रम्हा मन्दिरको दक्षिण गाऱ्होको अग्निदेव
४) भक्तपुरको ५५ भ्याले दरवारको भित्तेचित्रको अग्निदेव
५) गुहीत विहार, पाटनको अग्नि देव
६) महारानी ललित त्रिपुर सुन्दरीले त्रिपुरेश्वरमा स्थापना गरेको त्रिपुरेश्वर महादेव मन्दिरको उत्तरतर्फको अग्नि (जगदीशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला २०५०)

पशुपति ब्रम्हा मन्दिरको अग्निदेव:

पशुपति चौघेरा भित्रको ब्रम्हा मन्दिरको दक्षिण तर्फको गाऱ्होमा एउटा साऱ्है नै सुन्दर अग्निदेवको ढुङ्गाको मूर्ति छ। दुई वटा हात र दुई वटा खुट्टा भएको यो अग्निदेवको मूर्तिको दायाँतर्फ बाहनको रूपमा भेडा कुँदिएको छ। त्यो भेडाले टाउको भने अग्निदेवतर्फ नै फर्काएको छ। भेडाको सिङ्ग स्वाभाविक ढङ्गले घुमरेको छ। यो अग्निदेवकै हो भनेर चिन्ने बलियो आधार बाहनको रूपमा रहेको त्यो भेडा नै हो। हरिवंश पुराणले रातो रङ्गको घोडाले तानेको रथमा अग्निदेव चढ्ने र उनको बाहानको रूपमा भेडा रहने कुराको वर्णन गरेको छ। त्यसैले यो मूर्तिमा अग्निको बाहनको रूपमा भेडा बनाइएको शास्त्र अनुरूप नै छ। यो मूर्तिमा अग्नि देवको जटामुकुट, चुस्स परेको लामो दाऱ्ही, जनै, शरीरको दायाँ बायाँ लत्रेको वर्कोको लामो फेर, धोतीको भुजा र बुट्टा बनाउन कलाकारले निकै नै मेहनत गरेको देखिन्छ अग्निको दुइ हात मध्य दायाँ हात वरद मुद्रामा र बायाँ हातमा लामो अक्षसूत्र छ। आंगिक अनुपात मिलेको र सरल यो मूर्ति हेर्ने बित्तिकै नै दशौं शताब्दीको भनेर तोक्न सकिन्छ। काठमाडौं उपत्यकामा भएको प्रस्तरको एउटै मात्र अग्निदेवको यो मूर्तिको ठूलो महत्त्व छ।

प्रतिमा निर्माणमा अग्निको ब्यापकता नदेखिएता पनि दैनिक पूजा आजा र विशेष पर्व-पूजामा अग्नि देवको साऱ्है नै महत्त्वपूर्ण स्थान छ। हिन्दूहरूको कुनै पनि पुजा आजा दियो बालेर मात्रै प्रारम्भ गरिन्छ। हिन्दूहरूको महत्त्वपूर्ण संस्कार न्वारान, पास्नी, ब्रतबन्ध, विवाह र अन्त्येष्टि आदि जुनसुकै कार्यमा पनि वैदिक परम्पराको रूपमा कायम यज्ञवेदीमा अग्नि प्रज्वलित गरेर मात्र शुभारम्भ गरिन्छ। वैदिक युगमा यज्ञ गर्दा आगोमा चढाइने विभिन्न बस्तुहरू अग्निदेवले स्वर्गलोक र पितृलोक पुऱ्याउने वर्णन वेदमा पाइन्छ। त्यसैले अग्निदेवलाई वेदमा ह्व्याबाहन (देव गणलाई अर्पण गरेको वस्तु पुऱ्याउने) र कव्यबाहन (पितृगणलाई अर्पण गरेको वस्तु पुऱ्याउने) को रूपमा वर्णन छ। त्यसैले विदुषी सुकुमारीजीले आफ्नो पुस्तक The Indian Theogony मा अग्निदेवलाइ भलो गर्ने देवता र अनिष्टकारक दुवै रूपमा वर्णन गर्नुभएको छ।

अग्निदेवले ऋषि वशिष्टलाई बताएको अग्नि पुराणमा (अठार पुराण मध्ये एक) ४२० वटा भागहरू छन्। विभिन्न विषयको चर्चा अग्नि पुराणमा छ। महाविष्णुको दशअवतार, रामायण, महाभारत, विभिन्न देवता पूजा विधि, मन्दिरमा देव प्रतिमा स्थापना गर्ने नियम, ज्योतिष शास्त्र, वास्तुकला, मूर्तिकला, आयुर्वेद र नाटक जस्ता विभिन्न विषयमा अग्नि पुराणमा चर्चा छ। यसमा समावेश भएका विषय अनुसार यो पुराण निकै पछि लेखिएको देखिन्छ।

अग्निदेवको विभिन्न रूप र गुण बताउने ३४ वटा नामहरू अमरकोषमा छन्। (१) अग्नि (२) वेश्वानर (३) वन्हि (४) वीतिहोत्र (५) धनञ्जय (६) कृपोटयोनि (७) ज्वलन (८) जातवेद्स् (९) तननुपात् (१०) वर्हि (११) शुष्मन्

(१२) कुष्णवर्त्मन (१३) शोचिष्केश (१४) अषर्वुध (१५) आश्रयाश (१६) बृहम्दानु (१७) कुष्णवर्त्मन (१८) पावक (१९) जनल (२०) रोहिताश्व (२१) वायुसत्व (२२) शिखावत् (२३) आशुशुक्षाणि (२४) हिरण्यरेतस् (२५) हुतभुत् (२६) दहन (२७) हव्यवाहन (२८) सप्तार्चिष् (२९) दमुनस् (३०) शुक्र (३१) चित्रमानु (३२) विभावंसु (३३) शुचि (३४) अप्पित (पन्नालाल अभिमन्यु, अमरकोश, वाराणसी, चौखम्वा, विधा भवन, १९९५, पृ. ९)

गृहस्थ धर्ममा प्रवेश गर्ने युवा जोडीले आगो सल्काएर ब्रम्हचार्य आश्रमको अन्त्य र गृहस्थ आश्रमको प्रारम्भ गर्नुपर्दछ। हिन्दूहरूको प्राचीन ग्रन्थमा अग्नि सम्प्रदायको ठूलो महत्त्व छ। विभिन्न समयमा प्रयोग हुने आगोको बेग्ला बेग्लै नामाकरण गरिएको छ।



यी बाहेक सब्य अग्नि र लौकिक अग्नि समावेश गरेर यसैलाई पंचाग्नी पनि भनिन्छ। वी.एन. सरस्वतीले यी आगो बाहेक त्रेय, गृह र सव्य अग्निको पनि बेग्लै उल्लेख गरेका छन्।

शुभ विवाहको समयमा मन्त्र पढेर सल्काईने आगोलाई स्मार्त अग्नि भनिए झैं अन्त्येष्ठिको समयमा बाल्ने आगोलाई दक्षिणाग्नि भनिन्छ। चित्ता तयार पारेपछि दक्षिणपट्टि बेग्लै आगो बनाएर त्यही आगोले चिता सल्काइन्छ।

हिन्दू धर्म र दर्शनमा पवित्र अग्निदेवलाई साक्षीको रूपमा (विभिन्न संस्कार, न्वारन, पास्नी, उपनयन, शुभविवाह आदि) पवित्रताको परीक्षाको रूपमा (सीता माताको अग्नि परीक्षा) र तिब्रता भावनाको प्रतिनिधित्व गर्ने रूपमा (क्रोधाग्नि, प्रेमाग्नि, जठराग्नि) पनि दर्शाउने परम्परा छ।

वैदिक आर्य संस्कृतिको मुख्य प्रतिकको रूपमा यज्ञलाई लिइन्छ, त्यही यज्ञकै मुख्य पहिचानको रूपमा अग्निलाई मान्यता प्रदान गरिएको छ। देवगणको दूतको रूपमा मानिस र देवताको मध्यस्थलको रूपमा अग्निदेवलाई वेदमा दर्शाइएको छ। विद्वान दण्डेकरज्यूले आफ्नो पुस्तकमा आर्य र अनार्यको सफल मध्यस्थकर्ताको रूपमा पनि अग्निलाई दर्शाउनु भएको छ। (R.N., Dandekar, Vedic Mathological Tracts, Delhi, A.P., 1979, pp. 2, 279-280)

हिन्दूहरूको जन्मेदेखि मृत्युसम्मको विभिन्न संस्कारमा अग्निदेवको साक्षै नै महत्त्वपूर्ण स्थान र मूर्तिबारे यो लेखमा संक्षित चर्चा भयो। अब ऋग्वेदको यो मन्त्रले अग्निेदवलाई सम्बोधन गर्दै यो विषयको विट मारौं। "हे प्रज्वलित अग्नि! हाम्रो यज्ञ पूरा गर। हाम्रो मधुयुक्त यज्ञलाई देवता समक्ष तिमी लैजाउ। हे अग्नि! तिमी जनहितकारी होउ। यज्ञ पूरा गर्ने सबैद्वार खोलिदेउ। इला, सरस्वती र मही यज्ञमा कुशमा बस्। त्यस्टालाई म यज्ञमा बोलाउँछु। हे बनस्पति! हामी सम्पन्न होऔं, तिमी (अग्नि) देवतालाई भेट गर।" (ऋग्वेद १-१३)।

सन्दर्भ ग्रन्थ

१ महाभारत, गोविन्दभवन कार्यालय, गोरखपुर, २०५३
२ ऋग्वेद, श्रीराम शर्मा आचार्य (सं.), संस्कृति संस्थान, बटेली, १९९५
३ अथर्ववेद, श्रीराम शर्मा आचार्य (सं.), संस्कृति संस्थान, बटेली, १९७५
४ कठोपनिषद, चिन्मयानन्द (टीकापुर), सेन्ट्रल चिन्मय मिशन ट्रस्ट, कानपुर, १९८२
५ रूपमण्डन, बलराम श्रीवास्तव (सम्पादक), मोतीलाल बनारसी दास, नेपाली खिपटा वाराणसी, २०२१
६ अमरकोश, पन्नालाल अभिमन्यु (सं.), वाराणसी, १९९५

७ विष्णु धर्मोत्तर, प्रियकाला शाह (सं.), बडोदा, १९३८
८ मत्स्य पुराण, रामप्रताप त्रिपाठी (सं.), प्रयोग २००३
९ अग्नि पुराण, विवेक देवरोय, दिपावली देवरोप, (अनु.) बुक फर अल, दिल्ली
१० इन्दूमती मिश्र प्रतिमा विज्ञान, मध्यप्रदेश, हि.ग्र.अ., १९८७।
११ नीलकण्ठ, पुरूषोत्तम जोशी, प्राचीन भारतीय मूर्ति विज्ञान, विहार राष्ट्रभाषा परिषद, १९७७।
मूर्ति विज्ञान, विहार राष्ट्रभाषा परिषद, १९७७।
१२ जगदीशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला, काठमाडौं, साझा प्रकाशन, २०५०।
१३ मदनमणि दीक्षित, त्यो युग, काठमाडौं, समीक्षा, २०४७।
१४ R.N. Dandekar, Vedic Mythological Tracts, Ajanta Pub. 1979.
१५. Aurobindo, On the Veda, Pondicherry, 1964.
१६. Vettam mani, Puranic Encyclopaedia, Delhi, Motilal Banarasidass 1993.
१७. Stella Kramrisch, The Presence of Siva, New Jersu, Princeston University Press, 1981.
१८. T.A.G. Rao, The Elements of Hindu Iconography, Vol. II, Part II, Delhi, Motilal B., 1985.
१९. J.N. Banerjea, The Development of Hindu Iconography, Delhi, M. M Publisher 1985.
२०. Mary Slusser, Nepal Mandala, New Jersey 1982.
२१. Sukumari Bhattacharyi, The Indian Theogony, Delhi, Motilal B 1988.
B.N. Suraswati, Brahmanic Ritual Traditions, Simla, 1977.

पत्रिका

खोपृड, वर्ष ६, २०५४।

पशुपति ब्रम्हा मन्दिरको अग्निदेवको रेखाचित्र

चन्द्र शमशेरका पालामा भारतमा पठाइएका विद्यार्थीहरूको छात्रवृत्ति सम्बन्धी व्यवस्था

- भवेश्वर पंगेनी

परिचय

मध्यकालको अन्त्यतिरसम्म पनि नेपालमा विद्यमान विभिन्न राज्यहरूमा आ-आफ्नै भाषा, शैलीद्वारा शासन सञ्चालन गरिन्थ्यो । तर नेपालको एकीकरणसंगै मुलुकभरि प्रशासनिक पद्धती एवं प्रशासनिक भाषामा पनि एकरूपता आयो । अर्थात् एकीकृत नेपालको प्रशासनमा प्रायः नेपाली भाषाको प्रयोग हुन थाल्यो तर बाह्य मुलुकसंगको सम्बन्ध भने अंग्रेजी, फारसी, उर्दू जस्ता भाषाको माध्यमबाट नै हुने गर्थ्यो तथापि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीले आफ्ना भारदार एवं कर्मचारीलाई नेपाली भाषाबाट नै प्रशासनिक तालिम दिन थाले ।

भारतमा अंग्रेजको प्रभुत्व बढ्दै जानु, अंग्रेजसंगको युद्धमा नेपाल पराजित भएपछि राजदूतका रूपमा ब्रिटिश रेसिडेण्टलाई काठमाडौंमा राख्न बाध्य हुनु, अंग्रेजसंग अंग्रेजी भाषाको माध्यमबाट सम्पर्क राख्न सजिलो हुनु आदि जस्ता कारणहरूबाट नेपालको विदेश मामिलासंग सम्बन्धित पदाधिकारी लगायत शासक वर्गले पनि अंग्रेजी भाषा जान्नु आवश्यक छ भन्ने कुरा भीमसेन थापालाई अनुभूति भएको थियो । त्यसैले उनले विदेशी भाषा सिकाउनका निम्ति कतिपय व्यक्तिलाई सरकारी खर्चमा भारत पठाए भने आफ्नो शासनकालको उत्तरार्द्धतिर भारतको कलकत्ताबाट बंगाली शिक्षक झिकाएर राजधानीमा नै अंग्रेजी भाषा पढाउने कार्यको थालनी पनि गरे ।[1] अंग्रेजी भाषाको बढ्दो आवश्यकता बुझेर नै माथवरसिंह थापाले आफ्ना छोराहरूलाई पश्चिमी ज्ञान र अंग्रेजी भाषा सिकाउनका निम्ति सन् १८३५ (वि.सं. १८९२) डिसेम्बरको अन्त्यतिर पटनाको एउटा सरकारी स्कूलमा अनुरोध पनि गरेका थिए ।[2] प्राइमिनिष्टर जंगबहादुर जब बेलायत लगायत यूरोपको भ्रमणमा गए त्यसबखत उनलाई अंग्रेजी भाषा एवं शिक्षाको आवश्यकताको बोध हुन गयो । त्यसैबाट प्रेरणा लिएर नेपाल फर्कनासाथ उनले विशेष गरी आफ्नो परिवारका सदस्यहरूलाई पढाउनका निम्ति आफ्नै थापाथली दरबारको गोल बैठकमा एउटा स्कूल स्थापना गरे, जसमा पढाउनका

---

१. *घनश्याम रिजाल, हिस्ट्रि अफ एजुकेशन इन नेपाल सन् १८५१-१९५१, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति प्रस्तुत शोध-पत्र (अप्रकाशित) ई.सं १९८७, पृ. २१ ।*

२. *ऐजन, पृ. ३७ ।*

निम्ति अंग्रेज तथा कलकत्ताबाट बंगाली शिक्षकहरू समेत ल्याइए ।[३] सन् १८५१ (वि.सं. १९०८) मा स्थापना गरिएको सो स्कूल नै नेपालमा यस किसिमले स्थापना गरिएको आधुनिक एवं पश्चिमी शैलीको पहिलो स्कूल थियो, जसलाई पछि रानीपोखरीमा सारेर सार्वजनिक स्कूलका रूपमा रूपान्तरित गरियो ।

यसरी स्थापना गरिएको 'दरबार स्कूलले' पनि छिमेकमा बढ्दै गएको नवीन प्रविधि अनुसार मुलुकका निम्ति आवश्यक जनशक्ति उत्पादन गर्न सक्ने अवस्था थिएन । त्यसैले समयको अन्तरालसंगै शासकहरूले केही आवश्यक विषय अध्ययनका निम्ति मानिसहरूलाई सरकारी खर्चमा विदेश पनि पठाउन लागे । यसरी सरकारी खर्चमा कलकत्ताबाट इन्ट्रेनस परीक्षा उत्तीर्ण गर्ने पहिलो नेपाली संभवतः बलवान सिंह प्रधान थिए । उनले सन् १८५९ (वि.सं. १९१६) मा सो परीक्षा उत्तीर्ण गरेका थिए ।[४] बेलायतबाट फर्केपछि १० वर्षको अवधिमा जंगबहादुर राणाले बलवान सिंह प्रधान, अमरमान, अम्बरमान सिंह, सुवेदार बालसिंहलाई पढ्नका निम्ति छात्रवृत्तिमा भारत पठाएका थिए ।[५] उनका उत्तराधिकारीहरूले पनि आ-आफ्नो कार्यकालमा शिक्षा आर्जनका निम्ति विभिन्न मानिसहरूलाई विदेश (खासगरी भारत) मा पठाउने कार्य गरका थिए । यसरी राणाशासकहरूले मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्ने कार्यलाई पनि प्राथमिकता दिएको पाइन्छ ।

त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुरमा रहेका कौसितोसाखानाका पुराना कागजपत्रहरू मध्ये प्रधानमन्त्री चन्द्रशमशेरको कार्यकाल अन्तर्गत वि.सं. १९८०, १९८१ र १९८२ सालमा केही विद्यार्थीलाई भारतका शैक्षिक संस्थाहरूमा विभिन्न विषयहरू अध्ययन गर्नका निम्ति सरकारी खर्चबाट पठाइएको केही सामग्रीहरू समेत भेटिएका छन् । यी सामग्रीहरूबाट आधुनिक शिक्षाप्रति चन्द्रशमशेरको दृष्टिकोण, अध्ययनका निम्ति पठाइएका विद्यार्थीलाई दिइने खर्चको विवरण, सो खर्च रकम दिईने प्रकृया लगायत अन्य विभिन्न विषयहरूमा विस्तृत जानकारी पाउन मद्धत मिल्दछ । त्यसैले पाठकवर्गलाई सो विषयमा बढी जानकारी मिलोस् भन्ने उद्देश्यबाट इतिहास केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा रहेका सामग्रीहरूमध्ये पोका नं. १ को सामग्रीहरूका आधारमा यो लेख तयार भएको छ । यसमा प्रयोग गरिएका सामग्रीमा साविक नम्बर भएकोमा साविक नम्बर समेत विभागमा राखिएको नम्बर तथा साविक नम्बर उल्लेख नभएकोमा विभागको नम्बर मात्र उल्लेख गरेर लेखलाई स्पष्ट पार्ने प्रयास गरिएको छ । यस लेखलाई बढी स्पष्ट पार्ने उद्देश्यले यसमा प्रयोग गरिएका अप्रकाशित सामग्रीहरू अध्ययन गर्न सजिलो होस् भन्ने उद्देश्यले सबैको उतार तथा केहिको सक्कल रूप नै परिशिष्टमा राखिएको छ । त्यस्तै लेखलाई यथाशक्य स्पष्ट पार्नका लागि भारतमा पढ्न पठाइएका विद्यार्थीको विषय अनुसार छुट्टा छुट्टै उप-शीर्षक दिइएको छ ।

इन्जिनीयरिङ्ग र फरेष्ट्री

प्राप्त सामग्रीहरूबाट इन्जिनीयरिङ्ग, सिविल इन्जिनीयरिङ्ग, फरेष्ट रेंजर विषयमा अन्य विषयभन्दा बढी विद्यार्थीलाई पढ्न पठाएको देखिन्छ । वि.सं. १९८० कार्तिक १६ गतेको एउटा र १९८२ असार १३, पौष २८ र चैत्र १६ गरी सो वर्षका तीन वटा समेत जम्मा चारवटा सामग्रीहरूमध्ये पहिलो सामग्री अनुसार सुर्जेजंग थापा क्षेत्री[६] र जतकराज श्रेष्ठ दुइ जनालाई इन्जिनीयरिङ्ग पढ्न क्रमशः ३ र ५ वर्षका निम्ति भारतको रूड्की र बनारसमा पठाइएको थियो । जतकराज श्रेष्ठलाई इलेक्ट्रिक इन्जिनीयरिङ्ग अध्ययनका निम्ति वार्षिक कम्पनी रू. (भा.रू.) ६९६/- दिने गरी बनारसमा र सुर्जेजंग क्षेत्रीलाई विषय नखुलाई इन्जिनीयरिङ्ग

---

३. *गुणदेव भट्टराई, 'दरबार हाई स्कूल' शिक्षा समाचार, वर्ष-४, अङ्क-२, वि.सं. २०१८, पृ. ४२ ।*

४. *घनश्याम रिजाल, पाद टिप्पणी नं. १, पृ. ४८ ।*

५. *टी.एन.उप्रेती, फिनान्सिङ इलिमेन्ट्री एजुकेशन इन नेपाल, यु.एस. एः ओरोगन युनिभर्सिटि, ई.सं. १९६२, पृ. ४४ ।*

६. *परिशिष्ट नं. १ ।*

अध्ययन गर्न ३ वर्षका निम्ति रूड्कीमा वार्षिक कम्पनी रू. ७२०/- दिने गरी पठाइएको थियो । यी दुवैलाई दिइने रकममा बक्स शीर्षक उल्लेख गरिएको पाइन्छ । त्यस्तै चन्द्रदाश गुप्ता, रेखबहादुर रायमाझी क्षेत्री र कासीराज पाँडेलाई वि.सं १९८२ सालको क्रमशः असार १३ पौष २८ र चैत्र १६ गते पढ्न पठाइएको थियो । उनीहरू मध्ये चन्द्रदाश गुप्तालाई मेकानिकल इन्जिनीयरिङ्ग पढ्नका निम्ति वार्षिक भत्ता वापत कम्पनी रू. ६००/- दिने गरी ४ वर्षका लागि बनारस पठाइएको थियो[७] भने रेखबहादुर[८] र कासीराज पाँडेलाई[९] ५-५ वर्षका निम्ति वार्षिक कम्पनी रू. ८४०/- भत्ता दिएर भारतको शिवपुर र मद्राश पठाइएको थियो । तर यी दुवैलाई कुन विषयमा इन्जिनीयरिङ्ग पढ्न पठाइएको थियो भन्ने कुरा सो सामग्रीमा उल्लेख गरिएको छैन ।

यहाँनेर उल्लेख्य कुरा के देखिन्छ भने इन्जिनीयरिङ्ग पढ्न जाने विद्यार्थीमध्ये कसैलाई ३, कसैलाई ४ र कसैलाई ५ वर्षका निम्ति पठाइएको थियो, जुन कोर्षको समय अनुसार पनि मिल्दो देखिदैन । त्यस्तै सो विषय पढ्न जाने विद्यार्थीहरूलाई दिइने रकममा पनि फरक पाइन्छ । जस्तो रेखबहादुर र कासीराज पाँडेलाई वार्षिक कम्पनी रू. ८४०/- दिने भनिएको छ भने सुर्जेजंग थापालाई वार्षिक रू. ७२०/- जतकराज श्रेष्ठलाई रू. ६९४/- र चन्द्रदाश गुप्तालाई सबैभन्दा थोरै रू. ६००/- मात्र तोकिएको पाइन्छ । यसैगरी पढ्न जाने विद्यार्थीलाई सरकारले रकम दिंदा पनि कसैलाई भत्ता एवं कसैलाई बक्स भनी दुई बेग्ला बेग्लै शीर्षकबाट दिने गरेको थियो । जातिगत दृष्टिबाट हेर्दा पनि इन्जिनीयरिङ्ग पढ्न पठाइएका ती पाँच जना विद्यार्थीहरूमध्ये एक जना पहाडीया र एक जना गुप्ता गरी दुई जना ब्राह्मण, दुई जना क्षेत्री तथा एक जना नेवार परिवारका थिए । यसबाट पनि ब्राह्मण, क्षेत्री तथा नेवार समुदायलाई उच्च शिक्षा (प्राविधिक) अध्ययन गर्न राज्यले अवसर दिएको देखिन्छ । यति हुँदा हुँदै पनि इन्जिनीयरिङ्ग विषय पढ्न भारतमा पाँच जना विद्यार्थीलाई पठाइए पनि सबैलाई कुन-कुन विषयमा इन्जिनीयरिङ्ग पढ्न पठाइएको हो भन्ने स्पष्ट उल्लेख नभएकाले तत्कालीन सरकारले (प्रधानमन्त्रीले) मुलुकमा कुन विषय बढी आवश्यक भएको महशुस गरेको रहेछ वा मुलुकलाई कुन विषयको जनशक्ति खाँचो परेको रहेछ भन्ने कुरा स्पष्ट हुँदैन । त्यस्तै इन्जिनीयरिङ्ग कलेजहरूमा भर्ना गरी पढाइ चालु हुने समय सामान्यतया एउटै हुनु पर्ने हो । तर राणा सरकारले भने असार, कार्तिक, पौष र चैत्र महिनामा विद्यार्थीहरूलाई पढ्न पठाउने कार्य गरेबाट यसरी जुनसुकै समयमा पनि किन पठाइएको हो भन्ने जिज्ञासा रहन्छ । यस बारेमा संभवतः सरकारले विभिन्न मितिमा पढ्न पठाउने निर्णय गरे तापनि उनीहरू एउटै समयतिर अध्ययनका निम्ति गएको हुनुपर्दछ ।

इन्जिनीयरिङ्ग जस्तै सिविल इन्जिनीयरिङ्ग विषय पढ्नका लागि विद्यार्थीलाई भारतमा पठाइएको बारेको पनि एउटा सामग्री पाइएको छ । यस सामग्री अनुसार वि.सं. १९८१ साल असार महिनामा भुपेन्द्र शमशेर थापा क्षेत्री, जंगविक्रम राणा र फलेन्द्रविक्रम राणालाई सिविल इन्जिनीयरिङ्ग पढ्न चार वर्षका लागि बनारस पठाइएको थियो ।[१०] उनीहरू तीन जनालाई संभवतः एउटै कलेजमा पठाइयो । यहाँनेर उल्लेख्य कुरा के छ भने ती तीनै जनालाई वार्षिक कम्पनी रू. ६०/- मात्र बक्स दिइएको कुरा सो सामग्रीमा उल्लेख गरिएको छ । सो रकमका अतिरिक्त अन्य रकम दिइएको उल्लेख नगरिएकाले उनीहरूले त्यति थोरै रकमबाट कसरी आफ्नो खर्च चलाउँदथे ? उनीहरूलाई किन त्यति थोरै रकम दिने निर्णय भयो ? भन्ने जस्ता कुराहरू स्पष्ट हुँदैन । प्राप्त अन्य सामग्रीमा सबै विद्यार्थीलाई दिइने खर्चको विवरण यसैगरी उल्लेख गरिएकाले सिविल इन्जिनीयरिङ्ग पढ्न गएका ती विद्यार्थीहरूलाई पनि कम्पनी रू. ६०/- मात्र बक्सका रूपमा दिएर नपुग रकम विद्यार्थी आफैले बन्दोवस्त गर्नु पर्ने हो वा के हो सो स्पष्ट पाइँदैन ।

फरेष्टर रेंजर विषय पढ्नका निम्ति पनि केही विद्यार्थीहरूलाई भारत पठाएको पाइन्छ । वि.सं. १९८०[११]

७. *परिशिष्ट नं. २* ८. *परिशिष्ट नं. ३* ९. *परिशिष्ट नं. ४* १०. *परिशिष्ट नं. १* ११. *ऐजन* १२. *परिशिष्ट नं. ५*

र १९८२[१२] मा लेखिएका र सो सन्दर्भ उल्लेख भएका सामग्रीहरू पनि पाइएका छन् । ती सामग्री अनुसार शेरजंग थापा क्षेत्रीलाई १९८० साल चैत्र र गेहेन्द्र शमशेर थापा क्षेत्रीलाई १९८२ साल चैत्र महिनामा दुई-दुई वर्षका निम्ति फरेष्टर रेंजर विषय पढ्न भारतको देहरादूनमा पठाइएको थियो । उनीहरूलाई पढ्न पठाउँदा दुवैलाई वार्षिक कम्पनी रू. ९६०/- दिइएको थियो । तर यसरी पैसा दिंदा शेरजंगलाई बक्स र गेहेन्द्र शमशेरलाई बक्स भत्ता भनेर कागजमा स्पष्ट रूपले उल्लेख गरिएको थियो । फरेष्ट रेंजर पढ्न जाने यी दुवै क्षेत्री परिवारका विद्यार्थी थिए ।

चिकित्सा, वाणिज्य र कानून

माथि उल्लिखित विषयहरूका अतिरिक्त वि.सं. १९८१ साल जेठ महिनामा यज्ञबहादुर बस्नेत क्षेत्रीलाई एम.बी. (?) पढ्न ६ वर्षका लागि बम्बैमा[१३] र सोही वर्षको साउन महिनामा इन्द्रमान श्रेष्ठलाई बी.कम्. पढ्न समयावधि उल्लेख नगरी कलकत्ता पठाइएको थियो ।[१४] त्यस्तै अर्को वर्ष अर्थात् वि.सं १९८२ सालको असार महिनामा देवमणि आ.दि.लाई ६ वर्षको लागि डाक्टरी पढ्न कलकत्ता पठाइएको थियो ।[१५] सोही वर्षको साउन महिनामा द्वारिकाप्रसाद कायस्थलाई एल. एम. बी. पढ्नका निम्ति दरभंगा र गुंजमानलाई बी.एल.पढ्न इलाहाबाद पठाइएको थियो ।[१६] यी दुईलाई कति वर्षका लागि पठाइएको हो सो कुरा उल्लिखित सामग्रीहरूमा लेखिएको पाइँदैन । एम.बी. र डाक्टरी पढ्न ६/६ वर्षका निम्ति कलकत्ता र बम्बै जाने यज्ञ बहादुर र देवमणिलाई बार्षिक कम्पनी रू. ८४०/- बी.कम. पढ्न जाने इन्द्रमान श्रेष्ठलाई वार्षिक कम्पनी रू. ७२०/- भत्ता दिने उल्लेख गरिएको छ । उनीहरू बाहेक एल.एम.बी. र बी.एल. पढ्न जाने द्वारिकाप्रसाद र गुंजमानलाई भत्ता वापत वार्षिक कति रकम दिइन्थ्यो सो कुरा उल्लेख छैन । त्यस्तै द्वारिकाप्रसाद, गुंजमान र इन्द्रमानलाई कति-कति वर्षका निम्ति पढ्न पठाइएको हो सो पनि स्पष्ट छैन । यी पाँचै जनालाई दिइने रकमको उल्लेख नभए पनि उनीहरू सबैलाई भत्ता शीर्षकबाट पैसा दिइन्थ्यो । छुट्टा-छुट्टै पाँच विषय पढ्न गएका यी पाँच जना विद्यार्थीमध्ये डाक्टरी पढ्न जाने एक जना ब्राह्मण एम.बी. पढ्न जाने एक जना क्षेत्री र बाँकी एल.एम.बी., बी.एल. र बी.कम पढ्न जाने ३ जना नेवार समुदायका विद्यार्थीहरू थिए ।

अध्ययनका निम्ति दिइने रकम र रकम दिने प्रक्रिया

वि.सं. १९८०-८२ सालमा नेपालबाट भारतका विभिन्न ठाउँका शिक्षण संस्थाहरूमा विभिन्न विषय पढ्नका निम्ति नेपाल सरकारले खर्च दिएर पठाएका माथि उल्लिखित १५ जना विद्यार्थीहरूमध्ये एम.बी. र डाक्टरी पढ्न जानेलाई ६ वर्ष र फरेष्ट रेंजर विषय पढ्न जानेलाई सबैभन्दा कम २ वर्ष समय लागेको पाइयो भने अन्य विषयहरूलाई ५, ४ र ३ वर्ष लागेको देखिन्छ । त्यस्तै उल्लिखित विद्यार्थीहरूमध्ये फरेष्ट रेंजर विषय पढ्न पठाइएका शेरजंग र गेहेन्द्र शमशेरलाई सबैभन्दा बढी रकम वार्षिक कम्पनी रू. ९६०/- र सिविल इन्जिनीयरिङ्ग पढ्न पठाइएका तीन जनालाई सबैभन्दा कम रकम वार्षिक कम्पनी रू. ६०/- मात्र दिइएको पाइयो । यो रकम दिंदा भत्ता र बक्स गरी बेग्ला बेग्लै शीर्षकबाट दिइन्थ्यो । यसरी बढी र घटी रकम दिइनुमा पढाईको तह लगायत सम्बन्धित विद्यार्थीको तत्कालीन प्रधानमन्त्रीसंगको सम्बन्धले पनि महत्वपूर्ण भूमिका खेलेको हुनपर्दछ । त्यस्तै विद्यार्थीलाई पढ्न पठाइने विषय पनि व्यक्तिगत सम्बन्धकै कारण रोज्न पाएको हुन सक्दछ । जातियताको दृष्टिले अध्ययन गर्दा भारतमा पढ्न पठाइएका माथि उल्लिखित जम्मा १५ जना विद्यार्थी मध्ये ब्राह्मण-२, ठकुरी (राणा)-२ , क्षेत्री-६, नेवार -४ र गुप्ता १ जना देखिन्छन् ।

सरकारले खर्च दिएर पढ्न पठाएका विद्यार्थीहरूलाई कुन विषय पढ्न कहाँ ? कति समयका लागि ? वार्षिक वा मासिक कति रकम दिने गरी पठाउने हो भन्ने विस्तृत

---

१३. *रिशिष्ट नं. ६* १४. *परिशिष्ट नं. ७* १५. *परिशिष्ट नं. ८*
१६. *परिशिष्ट नं. ९*

विवरण समेतको कागज प्रधानमन्त्री एवं कमाण्डर-इन-चीफको नामबाट तयार गरी दरबन्दी दर्ताको लागि कमाण्डरी किताबखानामा पठाइन्थ्यो। सो कागज बमोजिमको दरबन्दी दर्ता भएपछि सोही बमोजिम विवरण समेतको आदेश कौसितोसाखाना एवं स्कूल, कलेज गोश्वारामा पठाइन्थ्यो । स्कूल-कलेज गोश्वारामा पुगेपछि सो पत्रमा आवश्यक अनुसार छाप लगाई रकम वितरण गर्ने वा वितरण गर्न लगाउने आदेश दिइन्थ्यो । पढ्न पठाइएका विद्यार्थीलाई रकम दिंदा विशेष गरी वि.सं. १९८१ साल असार मसान्तसम्म मोरङ्ग विराटनगर तीन साँचाबाट दिने गरिन्थ्यो । त्यसैले "८१ साल जेष्ठ (वि.सं. १९८१) १५ गते देषी आषाड मैन्हा सम्मको भत्ता सवाल सनदको रीत पुऱ्याई दीने काम गर भंने मोरं वीराटनगर ३ सांचाका नाउमा स्मेत् सनद गरीवक्सको हुनाले सो वमोजीं कीताप् दर्ता गरी वीराटनगर ३ सांचालाई जनाउ स्मेत पठाइदी ८१ साल श्रावण मैन्हा देषी लेषीयाका मीतीसम्म पढुंज्याल मैन्हा मैन्हामा तेस् कौसी तोसाषानावाट जीम्मावारी ल्याई षुवाउनालाई".....[१७] भनी संवत् १९८१ साल आषाढ १५ गते रोज ३ को कौसितोसाखानाको हाकिम कारिंदाको नामको पूर्जिमा उल्लेख भएकाले सो मितिसम्म विराटनगर ३ साँचाले र १९८१ साल साउन महिनापछि भने कौसितोसाखानाबाट जिम्मेवारी ल्याई कलेज-स्कूल गोश्वाराबाट खुवाउने अधिकार कौसिको हाकिम कारिन्दालाई दिइएको थियो ।[१८] तर यसरी पैसा दिंदा भने कतिपय अवस्थामा कलेज-स्कूलको जिम्मामा जिम्मेवारी दिनु पर्दथ्यो ।[१९] कतिपय विद्यार्थी पढ्न जाँदा र पढाइ पूरा गरी फर्कंदा जाने र फर्कने महिना पूरा नभएका खण्डमा ती दुई महिनाको दिन गन्तीका हिसाबले र अन्य पढ्नेको महिनाको भने महिनाकै हिसाबले भत्ता वा बक्स रकम पूरै दिनु पर्दथ्यो ।[२०] तर यो नियम भने सबै विद्यार्थीलाई समान रूपले लागू भएको पाइँदैन ।

पढ्न गएका विद्यार्थीहरूमध्ये कतिले पढाई पूरा नगर्दै पढाई छाड्ने प्रवृत्ति पनि भएको हुनु पर्दछ, त्यसैकारण 'विद्यार्थीले पढ्दै गरेका छन्' भन्ने पाठशाला बन्दोबस्त इन्स्पेक्टर अफिसको सिफारिश पुर्जि निस्सा लिएपछि मात्र पैसाको भुक्तानी दिनु पर्दथ्यो ।[२१] यदि विद्यार्थीहरू कलेज छुट्टी भएका बखत विदामा नेपाल आई बसेका खण्डमा छुट्टी बिदाको पढाई नभएको भत्ता पनि दिइन्थ्यो ।[२२] तर यसरी विदामा बसेको समयमा विद्यार्थीलाई भत्ताका रूपमा के कति रकम दिइन्थ्यो सो कुराको जानकारी भने यी सामग्रीहरूबाट पाइएको छैन ।

कतिपय विद्यार्थीलाई एक विषयमा एउटा तह उत्तीर्ण गरेपछि अर्को विषयमा अर्को तह वा सोही विषयको माथिल्लो तहमा अध्ययन गर्न दिइएको पनि पाइन्छ । जस्तो बनारसमा बी.ए. पढ्न गएका गुंजमानले बी.ए. उत्तीर्ण गरेपछि तत्कालै उनलाई इलाहाबादमा बी.एल. पढ्न पठाइएको थियो ।[२३] त्यस्तै रेखबहादुर रायमाझी र सोमराज पाँडेले कलकत्ता टेक्निकल कलेजमा ड्रईङ र हिसाब सिकी ड्रईङ विषयको इन्टेन्स परीक्षा दिएपछि रेखबहादुरलाई शिवपुर इन्जिनीयरिङ्ग कलेज खुलेपछि भर्ना भई पाँच वर्षसम्मलाई इन्जिनीयरिङ्ग अध्ययन गर्न दिइएको थियो[२४] भने सोमराज पाँडेलाई मद्रास इन्जिनीयरिङ्ग कलेज खुलेपछि पाँच वर्ष इन्जिनीयरिङ्ग अध्ययन गर्न दिइएको थियो ।[२५] यसले एउटा शिक्षण संस्थाबाट एक तहको अध्ययन सकेर अर्को शिक्षण संस्थामा अर्को विषय र तह अध्ययन गर्नका निम्ति जाने वा एक ठाउँको कलेजमा एउटा विषय अध्ययनका निम्ति भर्ना भई सोही विषय अर्को ठाउँको कलेजमा अध्ययन गर्न जाने[२६] विद्यार्थीलाई तोकिए बमोजिमको रकम पछि गएको कलेजमा पठाई दिनु पर्दथ्यो । यो कार्य कौसितोसाखाना मार्फत् कलेज-स्कूल गोश्वाराका हाकिमको जिम्मामा गराइन्थ्यो । तर कतिपय विद्यार्थीलाई यसरी पठाउनु पर्ने रकम निजले पढ्दै गरेको छ भन्ने पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिसको पूर्जी निस्सा (प्रमाण) लिएपछि निजको वारेसवाला वा मानिसलाई पनि दिने

---

१७. *परिशिष्ट नं. ७* १८. *परिशिष्ट नं. ७* १९. *परिशिष्ट नं. २* २०. *परिशिष्ट नं. १, ५* २१. *परिशिष्ट नं. १, ५* २२. *परिशिष्ट नं. ९*
२३. *ऐजन ।* २४. *परिशिष्ट नं. ३* २५. *परिशिष्ट नं. ४* २६. *परिशिष्ट नं. ९*

व्यवस्था मिलाइएको थियो । यसरी विद्यार्थीको सम्बन्धित मानिसलाई रकम दिएको खण्डमा सो खर्चको स्याहा (कागज)मा भने बक्स खर्च लेख्नु पर्दथ्यो ।[२७]

भारतमा अध्ययनका निम्ति पठाइने विद्यार्थीलाई दरबन्दीमा तोकिए बमोजिमको भत्ता बक्सका अतिरिक्त कलेजको शुल्क समेत दिइने कुरा सदर अफिस मुन्सिखानाबाट पाठशाला बन्दोबस्त अड्डालाई पठाइएको एउटा पूर्जीमा उल्लेख छ । वि.सं. १९८२ साल चैत्र ४ गते रोज ७ के सो पूर्जीमा गेहेन्द्र शमशेर थापा क्षेत्रीलाई देहरादूनमा फरेष्ट रेंजर विषय पढ्दा लाग्ने शुल्क पनि दिने[२८] भन्ने उल्लेख भए तापनि शुल्क कति तिर्नु पर्दथ्यो र सो शुल्क वापत उनले कति पैसा पाए भन्ने कुरा भने कतै उल्लेख भएको पाइएको छैन । उनलाई भत्ता बक्स वापत वार्षिक कम्पनी रू. ८४०/- दिने भन्ने उल्लेख मात्र पाइन्छ ।[२९]

सरकारको छात्रवृतिमा भारतका विभिन्न शिक्षण संस्थाहरूमा प्रति वर्ष अध्ययन गर्न जाने नेपाली विद्यार्थीको संख्या सानो १५-२० जनाको हुन्थ्यो । त्यति सानो संख्यामा अध्ययनका निम्ति पठाइने विद्यार्थीको विवरण राख्न सम्बन्धित अड्डाका कर्मचारीलाई त्यति कठिन हुनुपर्ने जस्तो देखिदैन । तर वि.सं. १९८१ साल साउन ३२ गतेको खड्ग निशाना अनुसार कलकत्तामा बी.कम. पढ्दै गरेका इन्द्रमान श्रेष्ठलाई भेटेनरी पढ्ने भनी कमाण्डरी किताबखानामा दर्ता गरिएको कुरा वि.सं. १९८२ साल असोज महिनामा मात्र सम्बन्धित कर्मचारीले थाहा पाएका थिए । तर भेटेनरी पढ्ने र बी.कम. पढ्ने विद्यार्थीलाई सरकारले दिने छात्रवृति रकममा केही फरक नभएकाले सो विषय सच्चाएर पुनः बी.कम. पढ्ने बनाई पहिले भुलबाट भेटेनरी पढ्ने भन्ने भएकोमा कसैलाई पनि कुनै कारवाही नगरिने भन्ने व्यहोराको पत्र कौसितोसाखानालाई पठाइएको थियो ।[३०] यसबाट इन्द्रमान श्रेष्ठलाई आर्थिक रूपमा कुनै नोक्सान नपरे तापनि राणा शासनकालमा प्रशासनिक दृष्टिले निकै चुस्त र योग्य मानिने प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा पनि प्रशासनिक व्यवस्था कत्तिको लापरवाहपूर्ण हुँदोरहेछ भन्ने उदाहरण पाउन सकिन्छ ।

शाही बकस

सरकारी खर्चमा अध्ययन गर्न विदेश पठाइने विद्यार्थीहरू आफ्नो अध्ययन पूरा गरी फर्कदा राज्यले उनीहरूलाई सम्मान पनि गर्दथ्यो । यसै क्रममा उनीहरूलाई थानकोटबाट सम्मानका साथ हात्तीमा चढाएर श्री ३ महाराज, प्रधानमन्त्रीको दर्शन गराउन लगिन्थ्यो । राजकीय परम्परा अनुसार विद्यार्थीले श्री ३ महाराजलाई दाम राखेर दर्शन गर्नु पर्दथ्यो ।[३१] यहाँनेर उल्लेख्य कुरा के पनि छ भने यस्ता विद्यार्थीले महाराजाधिराज (श्री ५) लाई भेट्ने प्रचलन भने भएको पाइँदैन । तर विदेशबाट आफ्नो पढाइमा उत्तीर्ण भएर फर्कने कतिपय विद्यार्थीलाई श्री ५ ले बक्स दिएको उदाहरणहरू पनि पाइन्छन् । जस्तो इन्ट्रेन्स (एस.एल.सी) उत्तीर्ण गरेर फर्कने कर्णेल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्र थापा श्रेत्रीलाई श्री ५ ले दोसल्ला वापत बक्स दिनका निम्ति वि.सं. १९५८ सालमा नगद मोहर रू. ३०० दिएका थिए ।[३२] भने सोही वर्ष नै कलकत्ताबाट पास भएर आउने वकिल लेफटेण्ट कर्णेल कुलानन्दका छोरा मानिकलाल र सुकदेव पण्डितका छोरा मदनदेव पाध्यालाई बाटो खर्च रू. २१२/५०, दोसल्ला वापत रू २००/- समेत जनही मो. रू. ४१२/५० का दरले जम्मा रू. ८२५/- श्री ५ को नामबाट बक्स दिइएको थियो ।[३३]

उपसंहार

अध्ययनका निम्ति भारतमा पठाउन कस्ता विद्यार्थीलाई छानिन्थ्यो र विद्यार्थी छान्ने आधार के थियो भन्ने विषय पनि महत्त्वपूर्ण छ । राज्यको छात्रवृतिमा पढ्न भारत पठाउँदा वर्तमानमा जस्तो प्रतिस्पर्धा गराएर योग्य विद्यार्थीको छनोट प्रक्रिया र पढ्न पठाइने आधार निर्धारण गरिएको पाइँदैन । यद्यपि भारतमा विभिन्न विषय पढ्न गएका विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमिका आधारमा यसबारे केही जानकारी पाउन सकिन्छ । जस्तो बम्बैमा

---

२७. परिशिष्ट नं. ५ २८. परिशिष्ट नं. १० २९. परिशिष्ट नं. ११ ३०. परिशिष्ट नं. ७ ३१. घनश्याम रिजाल, पाद टिप्पणी नं. १, पृ. ११० । ३२. परिशिष्ट नं. ११ ३३. परिशिष्ट नं. १२

व्यवस्था मिलाइएको थियो । यसरी विद्यार्थीको सम्बन्धित मानिसलाई रकम दिएको खण्डमा सो खर्चको स्याहा (कागज)मा भने बक्स खर्च लेख्नु पर्दथ्यो ।[२७]

भारतमा अध्ययनका निम्ति पठाइने विद्यार्थीलाई दरबन्दीमा तोकिए बमोजिमको भत्ता बक्सका अतिरिक्त कलेजको शुल्क समेत दिइने कुरा सदर अफिस मुन्सिखानाबाट पाठशाला बन्दोबस्त अड्डालाई पठाइएको एउटा पूर्जीमा उल्लेख छ । वि.सं. १९८२ साल चैत्र ४ गते रोज ७ के सो पूर्जीमा गेहेन्द्र शमशेर थापा क्षेत्रीलाई देहरादूनमा फरेष्ट रेंजर विषय पढ्दा लाग्ने शुल्क पनि दिने[२८] भन्ने उल्लेख भए तापनि शुल्क कति तिर्नु पर्दथ्यो र सो शुल्क वापत उनले कति पैसा पाए भन्ने कुरा भने कतै उल्लेख भएको पाइएको छैन । उनलाई भत्ता बक्स वापत वार्षिक कम्पनी रू. ८४०/- दिने भन्ने उल्लेख मात्र पाइन्छ ।[२९]

सरकारको छात्रवृतिमा भारतका विभिन्न शिक्षण संस्थाहरूमा प्रति वर्ष अध्ययन गर्न जाने नेपाली विद्यार्थीको संख्या सानो १५-२० जनाको हुन्थ्यो । त्यति सानो संख्यामा अध्ययनका निम्ति पठाइने विद्यार्थीको विवरण राख्न सम्बन्धित अड्डाका कर्मचारीलाई त्यति कठिन हुनुपर्ने जस्तो देखिदैन । तर वि.सं. १९८१ साल साउन ३२ गतेको खड्ग निशाना अनुसार कलकत्तामा बी.कम. पढ्दै गरेका इन्द्रमान श्रेष्ठलाई भेटेनरी पढ्ने भनी कमाण्डरी किताबखानामा दर्ता गरिएको कुरा वि.सं. १९८२ साल असोज महिनामा मात्र सम्बन्धित कर्मचारीले थाहा पाएका थिए । तर भेटेनरी पढ्ने र बी.कम. पढ्ने विद्यार्थीलाई सरकारले दिने छात्रवृति रकममा केही फरक नभएकाले सो विषय सच्चाएर पुनः बी.कम. पढ्ने बनाई पहिले भुलबाट भेटेनरी पढ्ने भन्ने भएकोमा कसैलाई पनि कुनै कारवाही नगरिने भन्ने व्यहोराको पत्र कौसितोसाखानालाई पठाइएको थियो ।[३०] यसबाट इन्द्रमान श्रेष्ठलाई आर्थिक रूपमा कुनै नोक्सान नपरे तापनि राणा शासनकालमा प्रशासनिक दृष्टिले निकै चुस्त र योग्य मानिने प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा पनि प्रशासनिक व्यवस्था कत्तिको लापरवाहपूर्ण हुँदोरहेछ भन्ने उदाहरण पाउन सकिन्छ ।

शाही बकस

सरकारी खर्चमा अध्ययन गर्न विदेश पठाइने विद्यार्थीहरू आफ्नो अध्ययन पूरा गरी फर्कदा राज्यले उनीहरूलाई सम्मान पनि गर्दथ्यो । यसै क्रममा उनीहरूलाई थानकोटबाट सम्मानका साथ हात्तीमा चढाएर श्री ३ महाराज, प्रधानमन्त्रीको दर्शन गराउन लगिन्थ्यो । राजकीय परम्परा अनुसार विद्यार्थीले श्री ३ महाराजलाई दाम राखेर दर्शन गर्नु पर्दथ्यो ।[३१] यहाँनेर उल्लेख्य कुरा के पनि छ भने यस्ता विद्यार्थीले महाराजाधिराज (श्री ५) लाई भेट्ने प्रचलन भने भएको पाइँदैन । तर विदेशबाट आफ्नो पढाइमा उत्तीर्ण भएर फर्कने कतिपय विद्यार्थीलाई श्री ५ ले बक्स दिएको उदाहरणहरू पनि पाइन्छन् । जस्तो इन्ट्रेन्स (एस.एल.सी) उत्तीर्ण गरेर फर्कने कर्णेल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्र थापा श्रेत्रीलाई श्री ५ ले दोसल्ला वापत बक्स दिनका निम्ति वि.सं. १९५८ सालमा नगद मोहर रू. ३०० दिएका थिए ।[३२] भने सोही वर्ष नै कलकत्ताबाट पास भएर आउने वकिल लेफटेण्ट कर्णेल कुलानन्दका छोरा मानिकलाल र सुकदेव पण्डितका छोरा मदनदेव पाध्यालाई बाटो खर्च रू. २१२/५०, दोसल्ला वापत रू २००/- समेत जनही मो. रू. ४१२/५० का दरले जम्मा रू. ८२५/- श्री ५ को नामबाट बक्स दिइएको थियो ।[३३]

उपसंहार

अध्ययनका निम्ति भारतमा पठाउन कस्ता विद्यार्थीलाई छानिन्थ्यो र विद्यार्थी छान्ने आधार के थियो भन्ने विषय पनि महत्त्वपूर्ण छ । राज्यको छात्रवृतिमा पढ्न भारत पठाउँदा वर्तमानमा जस्तो प्रतिस्पर्धा गराएर योग्य विद्यार्थीको छनोट प्रक्रिया र पढ्न पठाइने आधार निर्धारण गरिएको पाइँदैन । यद्यपि भारतमा विभिन्न विषय पढ्न गएका विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमिका आधारमा यसबारे केही जानकारी पाउन सकिन्छ । जस्तो बम्बैमा

---

२७. परिशिष्ट नं. ५ २८. परिशिष्ट नं. १० २९. परिशिष्ट नं. ११ ३०. परिशिष्ट नं. ७ ३१. घनश्याम रिजाल, पाद टिप्पणी नं. १, पृ. ११० ।
३२. परिशिष्ट नं. ११ ३३. परिशिष्ट नं. १२

एम.बी. पढ्न पठाइएका यज्ञबहादुर बस्नेत क्षेत्री चन्द्र शमशेरसंग यूरोप भ्रमणमा जाने मेजर (?) गंगाबहादुर बस्नेत क्षेत्रीका छोरा थिए।[३४] त्यति मात्र नभएर गंगाबहादुर चन्द्र शमशेरको समयका सफल दौडाहाका रूपमा प्रसिद्ध पनि थिए।[३५] बनारसमा मेकानिकल इन्जिनीयरिङ्ग पढ्न पठाइएका चन्द्रदास गुप्ता प्रसिद्ध डाक्टर सुरस चन्द्रदास गुप्ताका छोरा थिए।[३६] कलकत्तामा डाक्टरी पढ्न पठाइएका देवमणि आदि चन्द्र शमशेरसंग यूरोप भ्रमणमा जाने[३७] तथा चन्द्र शमशेरको कान्छी रानीका प्रमुख सल्लाहकार मध्येका[३८] पण्डित काशिनाथ आदिका छोरा थिए। यसबाट तत्कालीन प्रधानमन्त्रीसंग राम्रो तथा निकटको सम्बन्ध नै भारतमा पढ्न पठाइने विद्यार्थी छनोटको मूल आधार भएको देखिन्छ। त्यस्तै भारदारको परिवारका सदस्यलाई मात्र त्यसरी पठाइन्थ्यो। जे होस् अध्ययन पूरा गरेर फर्कने विद्यार्थीहरूले नेपालमा आई आफ्नो क्षेत्रमा उल्लेख्य योगदान दिएको पनि पाइन्छ। जस्तो रूड्कीबाट इन्जिनीयरिङ्ग उत्तीर्ण गरेर फर्केका सुर्जेजंग थापा क्षेत्रीले वि.सं १९८५ सालतिर नेपाल-तिब्बत बीचको सम्भाव्य युद्धका वखत तिब्बत जाने नाकाहरूमा ठूलो तोप लैजान हुने पक्की सडक बनाउने कार्य गरेका थिए।[३९] त्यस्तै इन्ट्रेंस उत्तीर्ण गरी फर्केका चन्द्रजंग थापालाई चन्द्र शमशेरले यूरोप भ्रमणमा लगेका थिए[४०] र वि.सं. १९८२ देखि १९८९ सम्म कलकत्ताको वकिल नियुक्त गरेका थिए।[४१]

प्रधानमन्त्री चन्द्र शमशेरको कार्यकालमा अध्ययनका निम्ति भारतमा पठाइएका व्यक्तिहरूले राणाशासनमा मात्र नभएर प्रजातान्त्रिक शासन व्यवस्था अर्थात् २००७ साल पछि पनि मुलुकका निम्ति महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। जस्तो चन्द्र शमशेरकै समयमा भारतमा बी.ए., बी.एल. पढ्न गएका गुंजमान सिंहलाई राजा महेन्द्रले वि.सं. २०१२ साल वैशाख १ गतेका दिन प्रिन्सिपल रायल एड्भाइजर नियुक्ति गरी मुलुकको शासन सञ्चालनको जिम्मा दिएका थिए।[४२] त्यस्तै देहरादूनबाट फरेष्ट रेंजर अध्ययन गरी फर्केका शेरजंग थापालाई प्रजातन्त्रको स्थापना पछि पनि वन र मालपोत विभागको सचिव बनाइएको थियो।[४३]

यसप्रकार सरकारी सहयोगमा भारतबाट विभिन्न विषय अध्ययन गरी फर्कने विद्यार्थीहरू मध्ये कतिले आ-आफ्नो क्षेत्रमा उल्लेख्य योगदान दिएका थिए। तथापि सरकारी स्तरबाट विदेशमा अध्ययनार्थ पठाइने विद्यार्थी छनोट तथा विषय छनोटको नियमसम्म पनि बनाइएको देखिदैन। त्यसैले यस क्षेत्रमा प्रधानमन्त्रीको इच्छा नै नियम कानूनका रूपमा लागू भएको पाइन्छ।

परिशिष्ट

परिशिष्ट नं. १ देखि १२ सम्मका सामग्रीहरू

परिशिष्ट नं १

श्री चन्द्र

कौसितोषाखानाका हाकिम कारिन्दाले पुर्जिहेरी देसमा इलम सिकन पढन पठाइबक्सेका तपसीलका लड्काहरूलाई पढुंज्यालसम्म पाउने पढन छोडी आयमा नपाउने गरी वर्ष १ को तपसिलका दरले बक्स गरिबक्सेको छ सो दरले सुरू मैन्हामा र खतम दिन गन्तिका हिसाबले र अरू मैन्हाको मैन्हा मैन्हामा नीज लड्काहरूले पढ्दै रहेको छन् भंने पाठसाला वंदोवस्त ईन्स्पेक्टर अफीसको लेषौट्

---

३४. *पुरूषोत्तम शमशेर ज.ब.रा., श्री ३ हरूको तथ्य वृतान्त (भाग-२), वाराणसी (भारत): परमवीरशमशेर ज.ब.राणा, वि.सं.२०४७, पृ. ७८।*

३५. *कमल दीक्षित, चढाइ गर्ने आँखाले, ललितपुरः मदन पुरस्कार पुस्तकालय, वि.सं.२०३७, पृ. ४, ५।*

३६, *सरदार भीमबहादुर पाँडे, त्यसबखतको नेपाल-राणाकालीन आखिरी तीन दशक (भाग-१), काठमाडौंः लेखक, पृ. २१३*

३७. *पुरूषोत्तम शमशेर ज.ब.रा., पाद टिप्पणी नं ३४, पृ. ७९।*

३८. *सरदार भीमबहादुर पाँडे, पाद टिप्पणी नं ३६ पृ. २४१*

३९. *सरदार भीमबहादुर पाँडे, पाद टिप्पणी नं. ३६, पृ. २२३*

४०. *पुरूषोत्तम शमशेर ज.ब.रा., पाद टिप्पणी नं. ३४, पृ. ७८*

४१. *विश्व प्रधान, विहेभियर अफ नेपलीज फरेन पोलिसी, काठमाडौंः श्रीमती दुर्गादेवी प्रधान, ई.सं. १९९६, पृ. ६१८।*

४२. *गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण (भाग-१), काठमाडौंः धुबबहादुर देवकोटा, वि.सं.२०३६, पृ. २९६।*

४३. *ऐजन पृष्ठ २१८*

पुर्जी नीस्सा ली नीज लड्काहरूको मानिस हस्ते दीना के कालेज ईस्कुल गोस्वाराका हाकिं हस्ते स्याहामा वक्स खर्च लेषी दिने काम गर

तप्सील्

रूड्कीमा इंन्जीनीयरीङ् पढ्न गयको सुर्जेजङ् थापा छेत्री के सं २३ नभेंवर १ तारीष ८० साल कार्तिक १६ गते देषी वर्ष ३ सम्म लाई पढुंज्याल दीने वर्ष १ को कंपनी रू सातसये बीस ——————————— ७२०

डेहराडुंमा फरेष्ट रेंजरको कां सीक्न गयको सेरजङ् थापा छेत्री के. सं २४ अप्रेल १ तारीष ८० साल चैत्र २० गते देषी वर्ष २ दुई सम्मलाई पढुंज्याल दीने वर्ष १ को कम्पनी रू. नौ सये साठी ——————————— ९६०

वनारसमा ईलेक्ट्री ईन्जीनीयरीङ पढ्न जाने जतक राज श्रेष्ठ के ८१ साल आषाड मैन्हा देषी ८६ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दीने वर्ष १ का कंपनी रू ६ सय छयानबे ——————————— ६९६

ऐ मा सिभिल ईन्जीनीयरीङ पढ्न जाने भुपेन्द्र सम्सेर थापा छेत्री के ८१ साल आषाड मैन्हा देषी ८५ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दीने वर्ष १ को कंपनी रू साठी ——————————— ६०

ऐ ऐ पढ्न जाने जङ्गवीक्रं राणा के ८१ साल आषाड मैन्हा देषी ८५ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दिने वर्ष १ को कंपनी रू साठी ——————————— ६०

ऐ ऐ पढ्न जाने फलेन्द्रवीक्रं राणा के ८१ साल आषाड मैन्हा देषी ८५ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दीने वर्ष १ को कंपनी रू साठी——————————— ६०

ज्मा कंपनी रू पचीस सै छपंन २५५६

इति सम्वत् १९८१ साल श्रावण २४ गते रोज ५ शुभं

स्ही ना डी

स्रोत-इतिहास केन्द्रीय विभाग, सि.नं. ९
सांविक नं - २९३

परिशिष्ट नं २

श्री चन्द्र

कौसितोसाषानाका हाकीं कारीन्दाले पुर्जी हेरी डाक्टर सुरेसचन्द्र दास गुप्ताका छोरा चारू चन्द्रदास गुप्तालाई वनारसमा मिकानिकल ईंजीनियरीङ् पढ्न पठाइवक्सेको हुनाले निजलाई ८१ साल मार्ग १ गते देषी स्व इलम् पढ्ने कोर्श षतम् गर्ने टाइम ८५ साल कार्तिक तक वर्ष ४ सम्मलाई पढुंज्याल पाउने पढ्न छोडी आयामा नपाउने गरी मैन्हाको कंपनी रू. ५० पचास रूपैञाका दरले वर्ष १ को कंपनी रू. ६०० छ सये भता ठेकी वक्सेको छ स्व वमोजिं किताप दर्ता गरी कलेज ईस्कुल गोस्वाराबाट लेषी आयाको भत्ताको रिपोट्मा छाप लगाइ दीनु भंन्या किताषाना दर्ता फांट्का नाउमा रं निजलाई ठेकीयाको ८१ साल मार्ग मैन्हा देषी लेषीयाका मितिसम्मको भता पढुंज्याल मैन्हा मैन्हामा सवाल सनदको रीत पुऱ्याई कौसि तोसाषानाबाट जिम्मावारी लीई षुवाउनु भंने कलेज ईस्कुल गोस्वाराका नाउमा सनद गरिवक्सेको हुनाले स्व वमोजिं निज चारू चन्द्रदास गुप्तालाई माथी लेषीयाको बमोजिं ठेकीयाको भता ८१ साल मार्ग मैन्हा देषी लेखियाका मीतीसम्म पढुंज्यालको भता देसमा पढ्ने लडकाहरूको भता दीने बारेमा भयाका सवाल सनदको रीत पुऱ्याई मैन्हा मैन्हामा कलेज ईस्कुल गोस्वाराका हाकीं जिम्मा जिम्मावारी दिने काम गर ईति सम्वत् १९८२ साल आषाड १३ गते रोज ६ शुभम्

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. ४
सविक नं. २८८

परिशिष्ट नं ३

श्री चन्द्र

कौसी तोसाषानाका हाकिं कारींदाले पुर्जिहेरी क.प. कुलमान रायमाझी छेतृ का छोरा रेखवहादुर रायमाझी हाल कलकत्तामा टेकनीकल कलेजमा ड्रईड र हिसाब सिकी ड्रईड इन्ट्रेंस जाच दीयर पछी सिवपुरं ईन्जीनीयरीङ् कलेज षुलेपछी भर्ना भै ५ पांच वर्ष सम्म ईन्जीनीयरीङ पढ्नलाई हाल नीज रेखवहादुर रायमाझी छेतृलाई स्व सिवपुर ईजीनीयरीङ कलेज षुलने ८३ साल कार्तिक मैन्हा सम्मलाई यही ८२ साल पौष मैन्हा देषी षान पाउने गरी मैन्हा १ को कं रु ७० सतरी रूपैयाका दर्ले भता ठेकी वक्सेको छ स्व वमोजीं कीताप दर्ता गरी कलेज इस्कुल गोस्वाराबाट लेषी ल्यायाको भताको रीपोट्मा छाप लगाई दीनु भंने कम्यांडरी कीतापषानाका नाउमा र लेषीया वमोजींको भत्ता कौसी तोसाषानाबाट जीम्मावारी ल्याई ष्वाउनु भंने इस्कुल गोस्वाराका नाउमा स्मेत सनद गरीबक्सको हुनाले स्व वमोजी. देसमा पढने लड्काहरूको भता दिने वारेमा भयाका सवाल सनदको रीत पुऱ्याई मैन्हा मैन्हामा कलेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी दीने काम गर ईती सम्बत् १९८२ साल पौष २८ गते रोज २ शुभं

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १५

साविक नं - ३०

परिशिष्ट नं ४

श्री ३ चन्द्र

कौसी तोसाषानाका हाकीं कारींदाले पुर्जि हेरी सुव्वा पद्मराज पाडेका छोरा कासीराज पाडेलाई कलकत्ता टेकनीकल कालेजमा ड्राइङ र हीसाव सिकी ड्राइङ इन्ट्रेंस जाच दीयापछी मद्रास ईंजीनीयरीङ कालेज षुलेपछी ५ वर्ष सम्म ईंजीनीयरीङ पढाउनालाई हाल नीजलाई सो कलकत्ता टेकनीकल कालेजमा ड्राइङ र हीसाव सिकन गयेको ८२ साल पौष महीनादेषी षान पाउने गरी मद्रास इंजीनीयरीङ कालेज षुलने टाइम् ८३ साल कार्तिक मैन्हा सम्मलाई मैन्हा १ को कं रू ७० सत्तरी रूपैयाका दरले भत्ता तोकी वक्सेको छ स्व वमोजीं कीताप दर्ता गरी भत्ताको रीपोट्मा छाप लगाई दीनु भंने कम्यांडरी किंतापषानाका नाउँमा र लेषीया वर्मांजं को भत्ता जीम्मावारी ल्याई षुवाउनु भंने ईस्कुल गोस्वाराका नाउमा स्मेत सनद गरीवक्सेको हुनाले स्व वमोजीं देसमा अंग्रेजी इलम् पढ्ने लडकाहरूको भत्ता दीने वारेमा भयका सवाल सनदको रीतपुऱ्याई मैन्हा मैन्हामा ईस्कुल गोस्वाराका हाकीं जिम्मा जिम्मावारी दीने काम गर ईती सम्वत् १९८२ साल चैत्र १६ गते रोज २ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग, सि.नं. २२

सविक नं ३०५



परिशिष्ट नं ५

श्री चन्द्र

कौसी तोसाषानाका हाकीं कारींदाले पुर्जी हेरी गेहेन्द्रसम्सेर थापा छेतृलाई सन् २६ अप्रेल १ तारीष देषी वर्ष २ दुई सम्म देहरादुंमा फरेस्ट रेंजर कोर्स पढाउन पठाइवक्सेको हुनाले नीजलाई भत्ता वकस कालेजको फी दस्तुर स्मेत् पठाउने दीने सो ईलम पढी रहने सेरजङ्ग थापा छेतृले पाया सरह पाउने गरी सनद गरी दीनु भंने श्री ३ महाराज वाट हुकुम वक्सेको छ भनी सदर आफीस् मुंसीषानावाट चैत्र ४ गते ४ मा प्रमांगी पुर्जि लेषी पठायाको र सो इलम पढी रहने सेरजङ्ग थापा छेतृलाई वर्ष २ सम्म लाई पढुंज्याल मैन्हा १ को कं रू ७० ले वर्ष १ को कं रू. ८४० का दरले भता ठेकी वक्सेको हुनाले स्व वमोजीं नीज ले. क. प्रेम सम्सेर थापा छेत्रका छोरा गेहेन्द्र सम्सेर थापा छेत्रलाई सन् २६ अप्रेल १ तारीष सम्वत् १९८२ साल चैत्र १९ गते देषी वर्ष २ दुई सम्म देसमा सो इलम् पढुंज्याल पाउने पढ्न छोडी आयामा नपाउने गरी वर्ष १ को कं रू ८४० आठ सय चालिसका ठेकी वक्सेको छ स्व वमोजींको नाम दर्ता गरि भताको रिपोटमा छाप लगाई दिनु भंने किताप षानाका नाउमा र लेषीया बमोजींको भता जिम्मावारी ल्याई षुआउनु भंने ईस्कुल गोश्वाराका नाउमा समेत सनद गरिवक्सेको हुनाले स्व वमोजीं सनद सवालको रित पुऱ्याई मैन्हा मैन्हामा ईस्कुल् गोश्वाराका कौसी तोसाषानाका नाउमा सनद गरी वक्सनु पर्ने ठहराञ्यू भनी पाठसाला वंदोवस्त ईन्स्पेकटरी अफीसका हाकीं कारींदाले हाम्रा हर्जुमा वींती पार्दा जाहेर भयो तसअर्थ स्व ठहरायाकोमा हामीबाट पनी सदर गरीवक्सेको छ स्व वमोजीं गर्ने काम गर ईती सम्वत् १९८२ साल चैत्र १६ गते रोज २ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं. १८
सावि़क नं. ३०३



परिशिष्ट नं ६

श्री चन्द्र

कौसी तोसाषानाका हाकीं कारींदाले पुजि हेरी क. गङ्गा वहादुर वस्नेत् छेत्रीका छोरा यज्ञवहादुर वस्नेत् छेत्रीलाई वंवैमा एम्. वी. पढ्न पठाई वक्सेको हुनाले नीजलाई ८१ साल जेष्ठ १५ गते देषी (३ अक्षर मेटिएको) पढ्ने कोर्स षतम गर्ने टाईम ८७ साल जेष्ठ १४ गते तक वर्ष ६ सम्म लाई पढुंज्याल पाउने पढाइ छाडी आयामा नपाउने गरी मैन्हाको कं रू ७० सत्री का दर्ले वर्ष १ को कंपनी रू ८४० आठ सये चालीस् भत्ता ठेकी वक्सेको छ सो ठेकीयाको ८१ साल श्रावण मैन्हा देषीको भत्ता अरू देसमा पढ्ने लड्काहरूको भत्ता सरह सदरैवाट जाने हुनाले सो ८१ साल श्रावण मैन्हा देषीको भत्ता तेस अडावाट दीनु पर्दैन ८१ साल जेस्ठ १५ गते देषी आषाड मैन्हा सम्मको भत्ता सवाल सनदको रीत पुऱ्याई दीने काम गर भंने मोरं वीराट्नगर ३ सांचाका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले सो वमोजीं कीताप दर्ता गरी वीराट्नगर ३ सांचालाइ जनाउ स्मेत पठाई दी ८१ साल श्रावण मैन्हा देषी लेषीयाका मीतीसम्म पढुंज्याल मैन्हा मैन्हामा तेस कौसी तोसाषानावाट जीम्मावारी ल्याइ षुवाउनालाई देसमा पढ्ने लड्काहरूको भत्ता दीनेवारे भयाका सनद सवाल वमोजीं कलेज् इस्कूल गोस्वारावाट लेषी ल्यायाको रीपोट्मा छाप लगाइ दीने काम गर भन्या कम्याडरी कीताप षानाका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले सो वमोजीं नीज यज्ञबहादुर वस्नेत छेत्रीलाई माथि लेषीय वमोजीं ठेकीयाको भत्ता ८१ साल श्रावण मैन्हा देषी लेषीयाका मीतीसम्म पढुंज्याल मैन्हा मैन्हामा सवाल सनदको रीत पुऱ्याई कलेज ईस्कुलका हाकीं जीम्मा जीम्मावारी दीने काम गर ईती सम्वत् १९८१ साल असाड १५ गते रोज ३ शुभं

स्ही ताडीकु

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं. ३
साविक नं २८१

परिशिष्ट नं ७

श्री ३ चन्द्रशम्सेर

कौसी तोसाषानाका हाकीं कारींदाले पुर्जिहेरी देसमा अंग्रेजी ईलम् सीकन पढ्न गयका लड्काहरूलाई ठेकी वक्सेको दरवंदी वमोजीमका भत्ता ८१ साल श्रावण १ गते देषी वीराट्नगर ३ सांचावाट पठाउने वंद गरी कौसी तोसाषानावाट जिम्मावारी ल्याई कालेज ईस्कुल गोस्वारावाट पठाई षुवाउने वारेमा सो अडाहरूका नाउमा मुल्की वंदोवस्त मार्फत सदर भै आयका ८१ साल श्रावण ३२ गतेका षड्ग नीसाना सनदमा कलकत्तामा वी.कम.पढ्ने रूद्रमान श्रेस्ठलाई भेट्नरी पढ्ने काऐं (?) मा लेषीया वमोजीं भत्ताका रीपोट्मा लेषी जीम्मावारी ल्याई मलाई षुवाई आयको हाल देषीन आयको र भत्ताका हकमा भेटनरी पढ्नेलाई र वी.कम. पढ्ने लाई स्मेत् घटी वढी नभै यकै सरह कं रू ७२० सात सय वीस नै स्व षड्ग नीसाना सनद वमोजीं ख्वाई आयको हाल सो पढ्ने ईलमका नाउ फर्क देषीय पछि पनि पढ्ने इलम फर्क पारी भत्ता षुवाउनु ठीक मनासीव नेदेषीनाले नीज रूद्र (इंद्र ?) मान श्रेस्ठलाई अव उप्रान्त सो भत्ता वारेका ८१ साल श्रावण ३२ गतेका दर्वंदी षड्ग नीसाना सनद बमोजीं ठेकीयेको भत्ता वी.कम पढ्ने भनी कालेज ईस्कुल गोस्वाराले रीपोट लेषी ल्यायकोमा छाप लगाई दीनु भंन्या कीतापषाना दर्ता फाट्का नाउमा र सो वमोजीं लेषी जीम्मावारी ल्याई पठाई षुवाउने गर्नु भंने कालेज ईस्कुल गोस्वारालाई स्मेत् सनद गरीवक्सेको हुनाले स्व वमोजीं अव उप्रान्त नीज रूद्रमान श्रेष्ठलाई ८१ साल श्रावण ३२ गतेका दरवंदी षड्ग नीसाना सनद वमोजीं ठेकीयाको भत्ता वी.कम. पढ्ने भनी कीताप षाना दर्ता फाट्का छाप लागेका रीपोट् वमोजीं सोही दरवंदी र षड्ग नीसाना सनद सवालको रीत पुऱ्याई मैन्हा मैन्हामा कालेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी षर्च लेषी दीने काम गर वही वुझदा यस अघीका भत्ता सो षड्ग नीसाना दरवंदी सनद वमोजीं भेटनरी पढ्ने भनी लेषीयाका रीपोट् वमोजीं जीम्मावारी दी गैसकेकोमा पक्राउ हुने छैन भनी कौसी तोसाषानाका नाउमा सनद गरीवक्सनु पर्ने ठहराञ्जँ जो मर्जी हुकुम भनी पाठसाला वंदोवस्त ईन्सपेक्टर अफीसका हाकीं कारींदाले हाम्रा हजुर्मा वीन्ती पार्दा जाहेर भयो तसर्थ स्व ठहरायकोमा हामीबाट पनी सदर गरिवक्सेको छ स्व वमोजीं गर्ने काम गर ईती सम्वत् १८८२ साल आश्वीण २९ गते रोज ४ शुभं

स्ही

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १२
साविक नं २९६

परिशिष्ट नं. ८

श्री चन्द्र

कौसी तोसाखानाका हाकीम् कारीन्दाले पुर्जि हेरी पण्डित काशिनाथ आदिका छोरा देवमणि आदिलाई कलकत्तामा डाक्टरी इलम पढन पठाइवक्सेको हुनाले निजलाई ८२ साल आषाड १ गतेदेखि स्व इलम पढने कोर्स खतम गर्ने टाइम ८८ साल ज्येष्ठ मसांत तक वर्ष छ सम्म पढुंज्याल पाउने पढ्न छाडी आएमा नपाउने गरी मैन्हाको कंपनी रू ७० सत्तरी का दरले वर्ष १ को भत्ता कंपनी रू ८४० आठसये चालीस रूपैया ठेकी वक्सेको छ स्व वमोजिम कीतापमा दर्ता गरी कालेज स्कुल गोस्वारावाट लेखी ल्याएकाभताका रिपोटमा छाप लगाइ दिनु भंन्या किताफखाना दर्ता फाटका नाउमा र स्व वमोजिम कौसि तोसाषानावाट जिम्मावारी ल्याई खुवाउनु भंने कालेज स्कुल गोस्वाराका नाउमा स्मेत सनद गरिवक्सेको हुनाले सोबमोजिम निज देवमणि आदिलाई माथि लेखिया वमोजिम ठेकियाको भत्ता ८२ साल आषाड मैन्हादेखि लेखियाका मितिसम्म पढुंज्याल को भत्ता देसमा पढन गयाका लडकाहरूको भत्ता जिम्मावारी दिने वारेमा भयाका सवाल सनद को रित पुऱ्याइ मैन्हा मैन्हामा कालेज स्कुल गोस्वाराका हाकिम जिम्मा जिम्मावारी दिने काम गर इति सम्वत् १९८२ साल आश्वीं २ गते रोज ५ शुभं

दषत्

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं. ५
साविक नं २८९



परिशिष्ट नं ९

श्री ३ चन्द्रशम्सेर

कौसि तोसाखानाका हाकीं कारींदाले पुर्जी हेरी देसमा अंग्रेजी ईलम् पढन गयाका तपसीलका लड्काहरू हाल तपसीलका मिति देषी ठाउ सरी तपसीलका ठाउमा तपसीलका इलम पढन गयको हुनाले नीजहरूलाई दरीयाको भत्ता अवदेषी तपसीलका ठाउँमा पठाई दीना निमित्त कलेज ईस्कुल गोस्वारावाट लेषी ल्यायका भत्ताका रीपोट्मा छाप लगाई दीनु भंन्या कीतापषाना दर्ताफाट्का नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले स्व वमोजीं देसमा पढ्न लड्काहरूलाई भत्ता जिम्मावारी दीने तेस अडाका नाउमा भयाका खड्ग नीसाना सवाल सनदको रीत पुऱ्याई कीतापषानाका छाप लागेका रीपोट् वमोजीं कालेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी दीने काम गर

तपसील्

अघी पटनामा यल यम वी पढन गयाका द्वारीका प्रसाद कायस्तले ८२ साल श्रावण महिना देषी ठाउ सरी दरभङगामा स्वही ईलम् पढ्न गयको हुनाले नीजलाई दरीयाको श्रावण मैन्हा देषीको भत्ता सोही ठाउँमा पठाइ दिनु भंने कालेज इस्कुल गोस्वाराका नाउँम स्मेत सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही दरभङगामा पठाइदिने गरी जीम्मावारी दीनु १

अघी वनारसमा वीए पढ्न गएका सर्दार काजी रत्नमानका छोरा गुंजमान् यो साल् पास भै हाल सो ठाउ सरी ८२ साल श्रावण २४ गते देषी इलाहावादमा वी एल (अैन) पढन गएको हुनाले नीज यो साल कलेज छुटी वीदामा नेपाल आई वसी गयको जेस्ठ ११ गते देषी श्रावण २३ गते तक् को छुट्टी वीदाको पढाइ नभयाको भत्ता र ठाउ सरी पढन गयका मीती श्रावण २४ गते देषीको दरीयाको भत्ता स्मेत् सोही इलाहावाद्मा पठाइ दिनु भंन्या कालेज ईस्कुल गोस्वाराका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही इलाहावादमा पठाई दिने गरी जीम्मावारी दीनु १

इती सम्वत् १९८२ साल आश्वीन १६ गते रोज ५ शुभं

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १०

साविक नं २९४

परिशिष्ट नं १०

(सदर अफीस मुसीषानाबाट) पाठसाला वन्दोवस्त के पुर्जी उप्रान्त गेहेन्द्र सम्सेर थापा छेत्रृलाई सन् २६ अप्रेल १ तारिष देषी वर्ष २ दुई संम्म देहरादुनमा फारेस्त रेंजर कोर्स पढाउन पठाइवक्सको हुनाले नीजलाई भत्ता वक्स कालेज फी दस्तुर स्मेत पठाउने दिने सो ईलम् पढीरहने सेरजङग् थापा छेत्रृले पाया सरह पाउने गरी सनद गरीदीनालाई तेस अडामा लेषी पठाउनु भनी श्री ३ महाराजवाट हुकुं वक्सेको हुनाले हुकुं वक्सेको माथी लेषीया वमोजीं चाडो सदन गरी दिने काम गर ईति संम्वत १९८२ साल चैत्र ४ गते रोज ४ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं - १९
साविक नं ४९७



परिशिष्ट नं ११

श्री ५ महाराजाधिराजबाट करौंल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्रजं थापा क्षेत्रीले ईन्ट्रेस पास गरी आयाको हुनाले दोसला वावत् वक्स दिनु भंन्या ५८ साल आषाड सुदी १ रोज २ का २ छापे पुर्जि वमोजीम हस्ते नीज चंद्र जं थापाका कारिंदा नालेव (?) जोगलाले सहीछाप गरी बुझि लीयाको मोह रू ——————— ३००

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं. ११८

परिशिष्ट नं. १२

श्री ५ महाराजधीराजवाट कलकत्तामा गै पास् भै आउने तपसीलका जना २ लाई वक्स दीनु भंन्या ५८ साल आषाड सुदी ७ रोज १ क २ छापे पुर्जी वमोजीम् हस्ते नीजहरूले सहीछाप गरी बुझी लीयाको मोह रू ——— ८२५

वकीले लेफटेन्ट करौंल कुलानन्दको छोरा मानीकलाल् ते वक्स (?) हस्ते नीजका वावु ले. क. कुलानन्द ले वदस्त

चक्र सुंदर ——————— ४१२॥

——————— २१२॥

दोसल्ला वावत् ——————— २००

सुकदेव पंडीतका छोरा मदन देव पाध्या के वक्स

हस्तेनी ——————— ४१२ ॥

वाटो षर्च ——————— २१२ ॥

दोसल्ला वावत् ——————— २००

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं ११८

परिशिष्ट नं ९

श्री ३ चन्द्रशम्सेर

कौसि तोसाखानाका हाकीं कारींदाले पुर्जी हेरी देसमा अंग्रेजी ईलम् पढन गयाका तपसीलका लड्काहरू हाल तपसीलका मिति देषी ठाउ सरी तपसीलका ठाउमा तपसीलका इलम पढन गयको हुनाले नीजहरूलाई दरीयाको भत्ता अवदेषी तपसीलका ठाउँमा पठाई दीना निमित्त कलेज ईस्कुल गोस्वारावाट लेषी ल्यायका भत्ताका रीपोट्मा छाप लगाई दीनु भंन्या कीतापषाना दर्ताफाट्का नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले स्व वमोजीं देसमा पढ्न लड्काहरूलाई भत्ता जिम्मावारी दीने तेस अडाका नाउमा भयाका खड्ग नीसाना सवाल सनदको रीत पुऱ्याई कीतापषानाका छाप लागेका रीपोट् वमोजीं कालेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी दीने काम गर

तपसील्

अघी पटनामा यल यम वी पढन गयाका द्वारीका प्रसाद कायस्तले ८२ साल श्रावण महिना देषी ठाउ सरी दरभङगामा स्वही ईलम् पढ्न गयको हुनाले नीजलाई दरीयाको श्रावण मैन्हा देषीको भत्ता सोही ठाउँमा पठाइ दिनु भंने कालेज इस्कुल गोस्वाराका नाउँम स्मेत सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही दरभङगामा पठाइदिने गरी जीम्मावारी दीनु १

अघी वनारसमा वीए पढ्न गएका सर्दार काजी रत्नमानका छोरा गुंजमान् यो साल् पास भै हाल सो ठाउ सरी ८२ साल श्रावण २४ गते देषी इलाहावादमा वी एल (अैन) पढन गएको हुनाले नीज यो साल कलेज छुटी वीदामा नेपाल आई वसी गयको जेस्ठ ११ गते देषी श्रावण २३ गते तक् को छुट्टी वीदाको पढाइ नभयाको भत्ता र ठाउ सरी पढन गयका मीती श्रावण २४ गते देषीको दरीयाको भत्ता स्मेत् सोही इलाहावाद्मा पठाइ दिनु भंन्या कालेज ईस्कुल गोस्वाराका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही इलाहावादमा पठाई दिने गरी जीम्मावारी दीनु १

इती सम्वत् १९८२ साल आश्वीन १६ गते रोज ५ शुभं

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १०

साविक नं २९४

परिशिष्ट नं १०

(सदर अफीस मुंसीषानाबाट) पाठसाला वन्दोवस्त के पुर्जी उप्रान्त गेहेन्द्र सम्सेर थापा छेत्रीलाई सन् २६ अप्रेल १ तारिष देषी वर्ष २ दुई संम्म देहरादुनमा फारेस्त रेंजर कोर्स पढाउन पठाइवक्सको हुनाले नीजलाई भत्ता वक्स कालेज फी दस्तुर स्मेत पठाउने दिने सो ईलम् पढीरहने सेरजङग् थापा छेत्रीले पाया सरह पाउने गरी सनद गरीदीनालाई तेस अडामा लेषी पठाउनु भनी श्री ३ महाराजवाट हुकुं वक्सेको हुनाले हुकुं वक्सेको माथी लेषीया वमोजीं चाडो सदन गरी दिने काम गर ईति संम्वत १९८२ साल चैत्र ४ गते रोज ४ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं - १९
साविक नं ४९७



परिशिष्ट नं ११

श्री ५ महाराजाधिराजबाट करौंल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्रजं थापा क्षेत्रीले ईन्ट्रेस पास गरी आयाको हुनाले दोसला वावत् वक्स दिनु भंन्या ५८ साल आषाड सुदी १ रोज २ का २ छापे पुर्जि वमोजीम हस्ते नीज चंद्र जं थापाका कारिंदा नालेव (?) जोगलाले सहीछाप गरी बुझि लीयाको मोह रू ——————— ३००

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं. ११८

परिशिष्ट नं. १२

श्री ५ महाराजधीराजवाट कलकत्तामा गै पास् भै आउने तपसीलका जना २ लाई वक्स दीनु भंन्या ५८ साल आषाड सुदी ७ रोज १ क २ छापे पुर्जी वमोजीम् हस्ते नीजहरूले सहीछाप गरी बुझी लीयाको मोह रू ——— ८२५

वकीले लेफटेन्ट करौंल कुलानन्दको छोरा मानीकलाल् ते वक्स (?) हस्ते नीजका वावु ले. क. कुलानन्द ले वदस्त

चक्र सुंदर ——————— ४१२॥
वाटो षर्च ——————— २१२॥
दोसल्ला वावत् ——————— २००

सुकदेव पंडीतका छोरा मदन देव पाध्या के वक्स हस्तेनी ——————— ४१२ ॥
वाटो षर्च ——————— २१२ ॥
दोसल्ला वावत् ——————— २००

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं ११८

नेपालका मूल पुरोहितहरू

- प्रकाश ए. राज

गोरखाका राजा राम शाहले बाँधेको थिति अनुसार वगाले अर्जेललाई होता, विहारे अर्जेललाई आचार्य, खनाललाई ब्रम्हा र भट्टराईलाई गणेश गरी चार पुरोहित भए ।[१] मूल पुरोहित भन्नाले राजदरवारमा राज परिवारका मुख्य पुरोहित भन्ने बुझिन्छ । पहिले राजपरिवारका पुरोहितलाई पुरोहित मात्र भन्ने चलन भएको र मूल पुरोहित भन्ने चलन पछि मात्र आएको बुझिन्छ जुन कुरा १८९८ मा श्री ५ राजेन्द्रले विजयराजलाई खेत प्रदान गरेको ताम्रपत्रमा तत्कालीन पुरोहित विद्यारण्यकेसरी अर्जेलको नाममा "पुरोहित" मात्र उल्लेख भएको छ, "मूल पुरोहित" भन्ने शब्द उल्लेख भएको छैन ।[२] गोरखाका राजा नरभूपाल शाहका मन्त्र सुनाउने गुरू गौरीश्वर पण्डित (पाण्डे) थिए । पृथ्वीनारायण शाहको बेलामा भने गुरू पद्वी मिश्रले भेट्टाए । पुरोहित अर्जेल थिए । १८४२ सालको महाराजधिराजको रूक्कामा प्रोहित वैयाकरण केसरी भनी उल्लेख भएको छ ।[३] यसैगरी १८५१ माघवदीको लालमोहरमा दैवज्ञकेसरी र न्यायकेसरीको नाम लेखिएको छ ।[४] १८५५ साल फागुन सुदी २ मा श्री ५ गीर्वाणलाई राजगद्दी दिंदा धर्म भाक्ने मध्येमा दैवज्ञकेसरी अर्जेल र विद्यारण्यकेसरी समेत थिए ।[५] १८६१ साल माधसुदी ५ मा सन्धिपत्र रूजु गर्ने काममा पंडित रंगनाथ (पौडेल), धर्माधिकार वाणीविलास (पाण्डे) र पुरोहित यदुनाथ अर्जेल थिए ।[६] गौरीश्वरका नाती वाणीविलास थिए । १८९८ को लालमोहरमा पुरोहित विद्यारण्यकेसरीको नाम उल्लेख हुनको साथै तीर्थराज पण्डितको नाम समेत उल्लेख भएको छ । यी तीर्थराज गौरीश्वर पुत्र जगन्निवासका नाती वेणी प्रसादका छोरा थिए । जगन्निवासका अर्का नाति नागेश्वरका छोरा विजयराज थिए । तीर्थराज विजयराजका काकाका छोरा हुनाले नाताले भाइ पर्दथे । १८९८ को लालमोहरमा तीर्थराजको उल्लेख हुनुको कारण उनी त्यसबेला तिर राजदरवारमा शायद सहायक पुरोहितको रूपमा प्रवेश गरी सकेका थिए ।[७] एकजना इतिहासकार[८] ले विजयराजलाई तीर्थराजका भाइ भनेका छन् र निजलाई बनारसदेखि जंगबहादुरका हितैषी थिए भनी उल्लेख गरेका छन् । उनको भनाइ अनुसार भण्डारखालको षडयन्त्रबारे पनि विजयराजले आफूले थाहा पाएपछि तीर्थराजसंगै सल्लाह गरेका थिए । विजयराजका काकाका छोरा तीर्थराज उनका दाज्यु नभएर भाइ थिए । बनारसमा जंगबहादुरले तीर्थराजलाई चिनेका थिए भन्ने कुराको अन्यत्र कतै प्रमाण भेटिएको छैन ।१९०० सालमा माथवरसिंह प्रधानमन्त्री भएपछि "न्याय अन्याय नछुट्याई पाँडेहरूका पक्षमा लागी श्री ५ मा कुरा लाउने

भनी पुरोहित कविकुलकेसरी (अर्जेल) समेत चार भाइलाई दण्ड गरी दरबार पस्न मनाही गरियो ।[१०]

१९०३ कार्तिकमा भएको भण्डारखाल पर्वपछि राज्यलक्ष्मीदेवी निष्काशित भई बनारसतर्फ जान लाग्दा श्री ५ राजेन्द्र पनि संगै गए । उनको साथमा तीर्थराज पनि गएका थिए भन्ने कुरा श्री ५ राजेन्द्रले विजयराजलाई सुगौलीबाट लेखेको पत्रमा "तीर्थराज पण्डित शरणमा छन् भन्या कुरालाई हाम्रा साथैमा हाजिर छन्, एसमा सन्देह मान्नु पर्दैन, हामीबाट निगाह राखी बक्सन्यै छौं" भनेर लेखेकोबाट स्पष्ट हुन्छ ।[८]

१९०५ चैत्रवदी ३० को लालमोहरको नक्कल[९] मा संकल्प पढ्ने पुरोहितको नाम चतुर्भुज अर्याल भनी लेखिएको छ । तसर्थ १९०५ को अन्त्यसम्म पनि तीर्थराज राजदरबारको पुरोहित भई नसकेको देखिन्छ । १९१० को मुलुकी ऐनमा राजी भनी स्वीकृति दिने व्यक्तिहरू मध्ये तीर्थराजको नाम पनि छ तथा १९११ मा भारदारहरूको खान्गीको फेहरिश्तमा बार्षिक रू. ३०००/- खाने भनी "गुरू पुरोहित तीर्थराज" को नाम पनि लेखिएको छ ।[१०क] उनको नामको अगाडि "पुरोहित" मात्र नभई "गुरू" समेत लेखिएको कारण तीर्थराज नरभूपाल शाहका गुरू गौरेश्वरका सन्तान भएर होला । तीर्थराजले राजदरबारको पुरोहित पद्वी चाहि १९०६ र १९१० को बीचमा मात्र पाएको देखिन्छ । त्यसबेला विजयराज शक्तिशाली भइसकेका थिए र आफ्ना भाइ तीर्थराजलाई राज पुरोहित बनाउन उनको सिफारिशले पनि केही भूमिका खेलेको थियो कि ? तीर्थराजले १८९८ मा नै राजदरबारमा प्रवेश पाएको कुरा माथि नै उल्लेख गरी सकिएको छ । तत्कालीन पुरोहित अर्जेलहरूको सट्टा राजपुरोहित पद पनि आफ्नै वंशका दाजुभाइमा नै आओस् भन्ने विजयराजको विचार रहेको हुन सक्दछ । विजयराजलाई पुरानो लालमोहरको आवश्यकता भएकोमा तीर्थराजले दिएको भन्ने किंवदन्ती साँचो हुने कुनै प्रमाण भेटिएको छैन । १९१५ ज्येष्ठ वदी ११ को लालमोहरको नक्कलमा तीर्थराजका छोरा गु.पु. अमरराज भनी नाम उल्लेख भएकोले त्यसबेलासम्म तीर्थराजको देहान्त भइसकेको जस्तो देखिन्छ ।[११] १९१५ सालतिर तीर्थराजका छोरा अमरराज मूल पुरोहित भइसकेको जस्तो देखिन्छ । तीर्थराजका कान्छा छोरा वामदेव १९३० देखि १९५३ को अवधिमा जंगबहादुरको अन्तिम समयमा तथा रणोद्दिपको शासनकाल र वीर शमशेरको शासनकालको पूवार्द्धमा शक्तिशाली व्यक्ति थिए । १९४० भाद्र वदी १ को लालमोहरको नक्कलमा (१२) धर्माधिकार द्विजराज पण्डित, खजाँची वामदेव र गु.पु. अमरराज भनी लेखिएको छ । १९३० साल र १९५० सालको बीच वडागुरूज्यू विजयराजका छोरा नगेन्द्रराज सीधा खालका छँदा चलाख वामदेवले आफै वडागुरूज्यू हुन खोजेका थिए भन्ने पनि सुनिन्छ । १९५३ पौष वदी १० को लालमोहरको नक्कलमा भुवनेश्वर पंडित भनी वामदेवका माहिला छोराको नाम लेखिएको छ । त्यसबेलासम्म अमरराज र वामदेवको मृत्यु भइसकेको देखिन्छ ।

१९५८ मा चन्द्रशमशेर प्रधानमन्त्री हुँदा मूल पुरोहित ज्ञानेश्वर थिए । अमरराजका छोरा प्रयागराज यी दुवै भन्दा कान्छा थिए । चन्द्र शमशेरको शासनकालको शुरूमा उनका धेरै मन परेका प्रयागराजले चन्द्रशमशेर कहाँ कुरा लगाई ज्ञानेश्वर र भुवनेश्वरलाई पाल्पातर्फ धपाउन लगाए पछि प्रयागराज मूल पुरोहित हुन पाए भन्ने पनि भनाई छ । १९६१ सालमा मूल पुरोहित प्रयागराज भइसकेका थिए । नेपालमा सर्वप्रथम आर्यसमाज खोलेको वीरे उनी कहाँ कसैले उजुर गर्दा १९६२ श्रावणमा माधवराजलाई बोलाउन पठाई[१२] माधवराज जोशीको तत्कालीन संस्कृतका विद्वान विश्वनाथ रिमाल र गंगादत्त गोतामेसंग शास्त्रार्थ भएपछि प्रयागराजलाई सो कुरा मन परेन र "माधवराजले पशुपतिलाई ढुंगा भन्दछ" भनी सभामा नै लट्ठीले माधवराजलाई पिटेका थिए । चन्द्रशमशेरलाई अमरराजका सन्तान बढी मन परेको हुनाले वामदेवका छोराहरू ज्ञानेश्वर, भुवनेश्वर र जनकराजलाई मूल पुरोहित पदवी दिएनन् । १९७२ मा प्रयागराजको मृत्यु भएपछि उनका छोरा विक्रमराज पुरोहित भए । उनी १९७२ देखि १९८३ सम्म पुरोहित रहे ।[१३] त्यसअघि नै उनी पागल

भइसकेका थिए र १९८३ मा उनीबाट मूलपुरोहितको पद झिकियो । विक्रमराजको मृत्यु १९९९ सालमा भयो । उनी कहाँ ४० जना केटीहरू शास्त्रीय संगीत र अभिनयमा तालिम प्राप्त गर्दथे ।[१४]

१९८३ सालमा विक्रमराजबाट मूलपुरोहित पद झिकिएपछि ९ वर्ष उमेर पुगेका सिंहराज मूलपुरोहित भए । १९८८ मा चन्द्र शमशेरको मृत्यु भएपछि भीम शमशेर प्रधानमन्त्री भए र सिंहराज पनि मूल पुरोहित पदबाट झिकिए । १९८६ देखि २०२० सालसम्म मूल पुरोहित जनकराज भए । २०२० सालमा आफू मूल पुरोहित पद झिकिएका चौत्तीस वर्षपछि पाँच वर्षको निमित्त सिंहराज फेरि मूल पुरोहित भए । हुन त १९८६ सालमा जनकराजलाई मूल पुरोहित पद दिइँदा पाँच वर्षको अवधिलाई मात्र दिइने र त्यसपछि सिंहराजलाई फेरि दिने भन्ने कुरा भए तापनि शुरूमा जुद्ध शमशेरको मन परेको हुनाले जनकराजलाई पाँच वर्षे नियम लागेन । २०२५ सालमा पाँच वर्षसम्म मूल पुरोहित भइसकेका सिंहराजबाट सो पद झिकी जनकराजका जेठा छोरा अच्युतराजलाई मूल पुरोहित बनाइयो । २०३० सालमा सिंहराज फेरि मूल पुरोहित बने र पाँच वर्षे नियम लागू भएन । २०४० सम्म आफ्नो जीवनकाल पर्यन्त सिंहराज मूल पुरोहित भई रहे । २०४० सालमा सिंहराज पछि ज्ञानेश्वरका नाति रमेश प्रसाद मूल पुरोहित भए र हाल (२०५५) सम्म रहिरहेका छन् । राजगुरू तथा मूल पुरोहित सम्बन्धी नियमावली बनी नेपाल राजपत्रमा प्रकाशित भए पछि ती दुवै पद संस्कृतमा स्नातकोपाधि प्राप्त गरेका सबै ब्राम्हणहरूलाई खुला रहेको छ । १८२५ सालमा नेपालको एकीकरण शुरू भएपछि हाल (२०५५) सम्म जम्मा २३० वर्षमा १४५ वर्ष तीर्थराज कै सन्तान मूल पुरोहित रही रहेका छन् ।

परिशिष्ठ - १

काश्यपगोत्रीय पाण्डे थर भएका राजपुरोहितहरूको वंश वृक्ष



परिशिष्ठ - २

वि.सं.१९१० साल पछिका मूल पुरोहितहरू

तीर्थराज	(१९०९ (?)	-	१९१५ (?)
अमरराज	(१९१५ (?)	-	(१९४२)
वामदेव	(१९४२	-	१९५२)
ज्ञानेश्वर	(१९५२	-	१९५८)
प्रयागराज	(१९५८	-	१९७२)
विक्रमराज	(१९७२	-	१९८३)
सिंहराज	(१९८३	-	१९८६)
जनकराज	(१९८६	-	२०२०)
सिंहराज	(२०२०	-	२०२५)
अच्युतराज	(२०२५	-	२०३०)
सिंहराज	(२०३०	-	२०४०)
रमेशप्रसाद	(२०४०	-	)

संदर्भ ग्रन्थ

(१) दिनेशराज पन्त, ***गोरखाको इतिहास***, पृ. ४०३

(२) प्रकाश ए. राज, ***विजयराज पण्डित***, पृ. २९

(३) ***इतिहास प्रकाश***, पृ. ८०

(४) पूर्ववत्, पृ. ८०

(५) ईश्वर वराल, ***विष्णुभक्त कवि विद्यारण्यकेसरी अर्याल***, प्रज्ञा, पूर्णाङ्क ५०, २०४२

(६) ***इतिहास प्रकाश, सन्धि पत्र संग्रह***, पृ. ४२०

(७) प्रकाश ए. राज, ***विजयराज पण्डित***, पृ. ३०

(८) पुरूषोत्तम शमशेर, ***श्री ३ हरूको तथ्य वृत्तांत***, पृ. २२५

(९) प्रकाश ए. राज, ***विजयराज पण्डित***, पृ. ३९

(१०) ज्ञानमणि नेपाल, ***नेपालको महाभारत***, पृ. १८२

(१०क) ***मुलुकी ऐन***, १९१० साल

(११) लाल मोहरको नक्कल लेखकसंग छ

(१२) Tri Ratna Manandhar, ***Nepal in the year of Trouble***, 1888

(१३) शुक्रराज शास्त्री, ***"शहीदके कलम से"***, पृ. २८३

(१४) राम शरण दर्नाल, ***नेपाली संगीत साधक***, ने.रा.प्र.प्र. २०३८

अंशुवर्माको राजधानी नगर : हंसगृहद्रङ्ग

–भरतमणि जंगम

नेपालको प्राचीन इतिहासका बारेमा अनुसन्धान र विश्लेषण कार्यहरू अघि बढिरहेको भएपनि कतिपय महत्त्वपूर्ण विषयहरू भने अझै प्रष्ट हुन सकेका छैनन् । जसमध्ये कैलाशकुट भवन कहाँ थियो र कस्तो थियो भन्ने पनि एक हो । त्यसैले यस तर्फ खोजी हुनु आवश्यक सम्झी इतिहासका अन्वेषक र अनुसन्धान कर्ताको ध्यान पुगोस् भन्ने उद्देश्यका साथ यो लेखलाई अगाडि बढाएको छु ।

चाँगुनारायणमा रहेको मानदेव प्रथमको अभिलेख लिच्छविकालको इतिहास अध्ययनका लागि महत्त्वपूर्ण आधार हुन आएको छ । त्यसपछिका शिवदेव + अंशुवर्मा र नरेन्द्रदेवका अभिलेखहरूले लिच्छविकालका घटनाहरूलाई विश्लेषण र व्याख्या गरी प्रकाश पार्न अझ मद्दत पुऱ्याएका छन् ।

लिच्छविकालमा कैलाशकुट भवन नामक एक सुन्दर राजप्रासाद थियो भन्नेमा कुनै सन्देह छैन । चिनियाँ यात्रीले त्यस राजदरबारका बारेमा चर्चा गरेका छन् । त्यति मात्र होइन अंशुवर्मा र नरेन्द्रदेवका शिलालेखमा सर्वप्रथम कैलाशकुट भवनको उल्लेख गर्ने गरिएबाट पनि भवनको महत्त्वका बारेमा अनुमान गर्न सकिन्छ । तर त्यस्तो भवन रहेको राजधानी नगरको नाम के थियो र कहाँ थियो ? भन्ने जस्ता महत्त्वपूर्ण विषय अन्धकारमै रहनु ठीक होइन भन्ने सम्झेर लिच्छविकालका अभिलेखहरूको अध्ययन, अनुसन्धान र विश्लेषण गरी कैलाशकुट भवन र सो भवन रहेको नगरको बारेमा चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

लिच्छविकालीन इतिहासका विविध पक्षमा प्रकाश पार्ने धेरै अभिलेखमध्ये अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख पनि एक हो । यो अभिलेख केही खण्डित अवस्थामा रहेको हुँदा अभिलेखको पूर्ण पाठ पढ्न सकिदैन तापनि जति प्राप्त छ त्यसलाई विचार गरेर व्याख्यानुमान गर्नुपर्ने हुन्छ । अनन्तलिङ्गेश्वरको अभिलेखबारे विभिन्न विद्वान्हरूको व्याख्याका आधारमा निम्न दुई जिज्ञासा उब्जिएका छन् ।

१. 'हंसगृहद्रङ्ग' नामक नगर कहाँ थियो ?
२. 'लोकपाल स्वामी' शैव देवता थिए वा वैष्णव देवता थिए ?

यसका लागि वरिष्ठ इतिहासविद् धनवज्र बज्राचार्यद्वारा लिखित "लिच्छविकालीन अभिलेख"को पृष्ठ ४८५ देखि ४८९ सम्म विस्तृत व्याख्या गरिएको छ । जसमा उल्लेखित मुख्य मुख्य बुँदा तल दिएको छु ।

"भक्तपुर सूर्य विनायकदेखि दक्षिण पट्टि पाटन लुभु शहरदेखि पूर्व उत्तर पट्टि रहेको डाँडोमा अनन्तलिङ्गेश्वरको

मन्दिर छ ।" (बज्राचार्य: २०३०, पृ. ४८५) "अनन्तलिङ्गेश्वर भेकमा लिच्छविकालमा 'हंसगृह' नामक प्रसिद्ध बस्ती थियो । व्यापारको केन्द्रको रूपमा यो बस्ती विकसित भएको हुँदा 'द्रङ्ग' कहलाएको थियो । ब्राम्हण लगायत चाण्डालसम्मका विभिन्न जातका मानिसहरूको बसोबास थियो ।" (बज्राचार्य: २०३०, पृष्ठ ४८८) यहाँ वराहयात्रा आदि यात्रा हुन्थे; 'गो युद्ध' उत्सव हुन्थ्यो भन्ने थाहा पाइन्छ । लिच्छविकालमा विकसित बस्ती हंसगृहद्रङ्ग कारणवश पछि उजाड भयो ।

"हंसगृहद्रङ्गभित्र लोकपाल स्वामीको मन्दिर थियो । नेपालका प्रसिद्ध देवतामा यी लोकपाल स्वामी पनि पर्दथे । .....यहाँको धार्मिक विधानको रेखदेखको लागि एकजना कुलपति नै नियुक्त हुन्थे । देव मन्दिरमा सफाई आरतीको बेला नृत्य आदिको लागि दशौं देवदास, बीसौं देवदासीहरू रहेका हुन्थे ।.....त्यस ताका वैष्णव देवताहरूलाई 'स्वामी' भन्ने चलन थियो । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा चाँगुनारायणलाई 'दोलाशिखर स्वामी' भनिएको छ । केवलपुरको अभिलेखमा इचंगुनारायण लाई "नारायण स्वामी" भनिएको छ । साँखुदुर्गहिटिको अभिलेखमा "वामन स्वामी"को उल्लेख छ । यस आधारमा विचार गर्दा यहाँ उल्लेखित 'लोकपाल स्वामी' वैष्णव देवता हुन् भन्ने निश्चित हुन्छ । (बज्राचार्य: २०३०, पृ. ४८९) ।

इतिहासविद् धनवज्र बज्राचार्यले हंसगृहद्रङ्ग भक्तपुरको दक्षिण तर्फ रहेको र त्यहाँ भएको लोकपाल स्वामी वैष्णव देवता हुन् भन्ने कुरा प्रमाणित गर्न अघि सारेका आधारहरू मध्ये 'दोलाशिखर स्वामी' ले उत्पन्न गराएको अर्को जिज्ञासाका बारेमा समेत सविस्तार चर्चा गरिन्छ ।

१. **हंसगृहद्रङ्ग:-** धनवज्र बज्राचार्यले उल्लेख गरे जस्तै हंसगृह द्रङ्ग नामक प्रसिद्ध बस्ती अनन्तलिङ्गेश्वरको छेउछाउमा थियो भन्ने तर्फ विचार गर्दा त्यस क्षेत्रको स्थलगत निरीक्षण गर्दा मन्दिरको छेउछाउमा उक्त: अभिलेखमा उल्लेख भए अनुसारको विकसित नगर त्यहाँ भएको भन्ने अनुमानसम्म पनि गर्ने अवस्था देखिंदैन । नजिक भएका बस्तीहरू जस्तै गुण्डु, गामचा, चोरपुर र लुभु शहरलाई विचार गर्न पनि मिल्दैन । किनभने यी बस्तीहरू मध्ये केही लिच्छविकालमा पनि अस्तित्वमा रहेका देखिन्छन् । वराहयात्रा र गोयुद्ध सञ्चालन हुने तथा द्रङ्गको उपाधि ग्रहण गरी सकेको विकसित शहरको अवशेष पनि त्यस भेगमा नभएकोले हंसगृहद्रङ्ग र अन्यत्रै कतै रहेको अनुमान गर्न सकिन्छ । साथै उक्त अनन्तलिङ्गेश्वरको अभिलेखमा पनि हंसगृह नामक विकसित शहर त्यस क्षेत्रमा भएको व्यहोरा उल्लेख छैन ।

अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखको मूलपाठ अध्ययन गर्दा निम्न कुराहरू देखिन्छन्:

१. यो अभिलेखको शिरोभागमा साँढेको चित्र अङ्कित छ ।
२. शुरूका नौ पंक्तिमा राजा नरेन्द्रदेवको प्रशस्ती र शिलालेख राख्नु पर्ने कारण उल्लेख भएका छन् ।
३. दसौं र एघारौं पंक्तिमा लोकपालस्वामीको प्रतिष्ठा र कुलपतिको कार्य सम्बन्धी कुराहरू छन् ।
४. बारौंदेखि सत्तिसौं पंक्तिसम्म अक्षरहरू धेरै नै खण्डित भए तापनि खर्च सम्बन्धी विवरण उल्लेख गरिएको स्पष्ट अनुमान गर्न सकिन्छ ।
५. अन्तिमका चार पंक्तिमा पछिका शासक र अधिकारीलाई कर्तव्यबोध गराइएका छन् ।

यी माथिका कुराहरूलाई एक एक गरी विचार गरौं ।

१. अभिलेखको शिरोभागमा साँढे अङ्कित भएको हुँदा अभिलेख निर्माणकर्ता शैवमतका अनुयायी भएका र अभिलेखमा उल्लेखित 'लोकपाल स्वामी' धनवज्रजीले अनुमान गरे जस्तो बैष्णव देवता नभएर शैव देवता नै हुन् भन्ने बुझिन्छ ।
२. शुरूका नौ पंक्तिमा उल्लेख भए अनुसार कर्ता नरेन्द्रदेव शैवमतका नै हुन् भन्ने स्पष्ट छ । छैटौं पंक्तिमा 'हंसगृहद्रङ्गस्य' को पछाडिको अक्षर र सातौं पंक्तिको शुरूको अक्षर टुटेको छ । यो सातौं पंक्तिको टुटेको प्रथम अक्षर 'ली' अनुमान गर्दा "कोलीग्राम"

बुझ्न सकिन्छ । यसरी अनुमान गर्दा -हंसगृहद्वङ्गको र त्यसभन्दा पश्चिम तर्फको कोलीग्राम समेतका गाउँहरूमा भन्ने अर्थ हुन आउँछ । यसबाट शिलालेखमा उल्लेख भएको हसंगृहद्वङ्ग अनन्तलिङ्गेश्वरको छेउछाउमा नभएर अन्यत्रै कतै भएको संकेत मिल्छ । हंसगृहद्वङ्ग लगायत विभिन्न स्थानमा स्थापित देवालयहरू र पूर्व निश्चित भएका व्यवस्थाहरू अघिका (बीचका) राजाहरूको विभ्रमताको कारणले नष्ट हुन थाल्यो, ती पूर्व व्यवस्थित तथा निश्चित कार्यहरू पुनर्जीवित गराउन यस्ता शिलालेख राख्ने गरिएको बुझिन्छ । साथै शिलालेखको अध्ययनबाट पनि 'हंसगृहद्वङ्ग' नामक विकसित शहर अनन्तलिङ्गेश्वरको छेउछाउमा नभएर अन्यत्रै भएको देखिन्छ ।

३. लोकपाल स्वामी पहिलेदेखि नै स्थापित भएको व्यहोरा अभिलेखमा उल्लेख छ । अभिलेख, अनन्तलिङ्गेश्वर महादेव मन्दिर कै परिसरमा अवस्थित भएको हुँदा लिच्छविकालमा लोकपाल स्वामी नामले चिनिने हालका अनन्तलिङ्गेश्वर महादेव नै हुन् भन्ने निश्चय गर्न सकिन्छ ।

४. अभिलेखमा खर्चको बाँडफाँड गर्दा कुलपतिको जिम्मामा कार्तिक एकादशीका दिन बाटो मर्मत गर्ने कामको जिम्मा लगाइएको देखिन्छ । यसबाट अनुमान गर्न सकिन्छ कि लोकपाल स्वामीको मन्दिर विकट डाँडोमा अवस्थित थियो । हाल पनि अनन्तलिङ्गेश्वर महादेवको मन्दिर डाँडोमा रहेको छ । हंसगृह, कोलीग्राम, युपग्राम र लुप्रिङ्ग्राम आदि बस्तीहरूबाट लोकपाल स्वामीको दर्शन गर्न आउने यात्रुहरूलाई सुबिधा पुगोस् भन्ने उद्देश्य राखेर बाटो मर्मत गर्ने कार्य हुने गरेको कुरा प्रष्ट हुन्छ । अभिलेखमा कुलपतिले गर्ने खर्च निश्चित हुनुको साथै ब्राह्मण लगायत चाण्डालसम्मलाई *घृंताशनसमितादि* भोजनको कुरा पनि उल्लेखित छ । हालसम्म पनि यो प्रचलनले निरन्तरता पाइरहेको कुरा भक्तपुर जंगम मठबाट भाद्र पूर्णिमाको दिन दूध, घ्यू र चामलको खीर बनाएर भोजन गराउने चलनबाट थाहा हुन्छ । साथै अभिलेखमा गोयुद्धपताका लाने र वराह यात्रामा भाग लिने पनि उल्लेख छ ।

थानकोटको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा गोयुद्धको खर्चको लागि जग्गा छुट्याइएको व्यहोरा उल्लेख भएको छ तर गोयुद्ध भने थानकोटमा नभई दक्षिण कोलीग्राममा हुने भन्ने उल्लेख भएबाट उक्त अनन्तलिङ्गेश्वरको अभिलेखमा उल्लेखित "गोयुद्ध-पताका फहराउने" काम पनि त्यहाँ नभएर अन्यत्रै हुने रहेछ भन्ने अनुमान गर्न सकिन्छ ।

५. उक्त अभिलेखको अन्तिमको चार पंक्तिमा भविष्यका अधिकारीलाई कर्तव्यबोध गराइएको हुँदा यो अभिलेख व्यवस्थित नीति नियमलाई निरन्तरता दिने क्रममा स्थापित भएको देखिन्छ ।

अनन्तलिङ्गेश्वरको यस अभिलेखको व्याख्याको क्रममा इतिहासविद् धनवज्र बज्राचार्यले चाँगुनारायणलाई "दोलाशिखर स्वामी" भनी किटान साथ भन्नु भएको तर्फ एक पटक विचार नगरी नहुने भएको छ । श्री धनवज्रजीले भन्नु भएको छ – "नेपालका वैष्णव सम्प्रदायका देवतामा चाँगुनारायणको प्रमुख स्थान रहेको छ । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा नेपालका प्रसिद्ध देवताले पाउने भाग नियत गर्दा विशिष्ट देवतामध्ये सबभन्दा पहिले पशुपतिको र अनि दोलाशिखर स्वामी = चाँगुनारायणको उल्लेख आएको छ" (बज्राचार्यः २०३०, पृ. १८) । यस प्रसङ्गमा 'दोलाद्रि' बारे केही चर्चा गर्नु परेको छ । दोला शब्दको अर्थ 'पिङ' भन्ने हो । नेवारी भाषामा यस ठाउँलाई 'चँगु' नै भनिएको छ । 'चँगु' शब्दको अर्थ पिङ जस्तो डाँडो भन्ने हो । यसबाट 'दोलाद्रिको अनुवाद' 'चँगु' हो भन्ने देखिन्छ ।" (बज्राचार्यः २०३०, पृ. १९)

अब, "दोलाशिखर स्वामी" भनिएका देवता चाँगुनारायणनै हुन् वा होइनन् भन्ने तर्फ लाग्नु भन्दा पहिले लिच्छविकालका अहिलेसम्म प्राप्त अभिलेखमा 'दोलाशिखर स्वामी' को कति ठाउँमा, के सन्दर्भमा र के भनेर उल्लेख भएका छन् त्यस तर्फ हेरौं ।

१. चाँगुनारायणमा रहेको मानदेव प्रथमको अभिलेखको पहिलो पंक्तिमा "सम्वत ३८६ जेष्ठमासे शुक्लपक्षे प्रतिपादि १" र त्यसैको छैटौं पंक्तिमा –"लाद्रौ निवसञ्जयत्यनि षैरभ्यच्चर्यमानो हरिः" भनिएको छ (बज्राचार्यः २०३०, पृ. १०) । यहाँ उल्लेखित लाद्रौले केवल वन वा थुम्को भन्नेसम्म जनाउँछ । वास्तवमा चाँगुनारायण अर्थात् गरुड नारायण उपत्यकाको पूर्वतर्फ एउटा थुम्कोमा अवस्थित छन् । यसलाई शिखर भन्न मिल्छ कि मिल्दैन भनी पूर्व नगरकोटको डाँडो, दक्षिण अनन्तलिङ्गेश्वरको कैलाश शिखर र उत्तर बज्रजोगीनी (गुंविहार) बाट चाँगुनारायण रहेको थुम्कोलाई हेर्दा कुनै पनि हालतमा 'शिखर' को संज्ञा दिन मिल्दैन । साथै पूर्व तर्फ नगरकोटको डाँडोबाट नाकको डाँडी जस्तो हुँदै पश्चिम तर्फ सुतेको डाँडो पिङ्ग जस्तो पनि देखिदैन ।

२. वनेपाको शिवदेव र अंशुवर्माको अभिलेखको नवौं पंक्तिमा "शिखर स्वामीनः" भन्ने उल्लेख भएकोलाई 'दोलाशिखर स्वामी' अनुमान गरिएको छ । तर चाँगुनारायणको वा चाँगुनारायण बुझाउने व्यहोरा अभिलेखमा उल्लेख भएको देखिदैन । त्यसैले यो अभिलेखमा उल्लेखित 'शिखर स्वामी' अन्य कुनै स्वामी हुन् वा दोलाशिखर स्वामी नै हुन् भनी किटान गर्न सकिने अवस्था छैन ।

३. हाँडिगाउँको अंशुवर्माको अभिलेखको सातौं पंक्तिमा– "पशुपतेः पु ६ प २, दोलाशिखर स्वामीनः पु ६ प २" भनी खर्च छुट्याइएको छ (बज्राचार्यः २०३०, पृ. ३२०) । यस अभिलेखमा 'दोलाशिखर' भन्ने चाँगुको डाँडो हो र त्यहाँ अवस्थित स्वामी नै नारायण हुन् भनी कतै भनिएको छैन ।

(क) हाँडिगाउँको अभिलेखमा दोलाशिखर स्वामीलाई पशुपतिनाथ बराबर मर्यादा प्रदान गरेको कारण कै आधारमा दोलाशिखर स्वामी चाँगुनारायण हुन् भनी गरिएको अनुमानलाई अन्य कुनै तथ्यले प्रमाणित गरेको छैन ।

(ख) काठमाडौं उपत्यकाका प्रसिद्ध चार नारायणहरू मध्ये चाँगुनारायण एक हुन् । लिच्छविकालका राजा हरिदत्तले स्थापना गरेको भनिएका यी चार नारायणहरूमा (१) चाँगु नारायण (२) इचंगु नारायण (३) सशंखु नारायण (४) विशंखु नारायण । यी सबै नारायणको नाउँको अन्तिम अक्षरको स्वर एउटै छ । यी चार नारायणमध्ये चाँगु, इचंगु र विशंखुको नाउँ परिवर्तन नभए पनि सशंखु नारायणको नाउँ परिवर्तन भएको देखिन्छ । हाल सशंखु नारायणलाई शिखा नारायण, शिखर नारायण र शेष नारायण आदि भन्ने गरिन्छ । यस प्रकार यी चार नारायणको नामको दृष्टिले हेर्दा पनि चाँगु नारायणको पूर्व नाउँ 'दोलाशिखर स्वामी' थियो भन्न मिल्दैन ।

(ग) चाँगुलाई चम्पक नारायण भन्ने पनि चलन छ । चाँगु डाँडामा चाँपको जंगल भएको कारणले नै चम्पक नारायण र चाँगु नारायण भएको हुन सक्छ ।

४. चाँगु नारायणलाई दोलाशिखर स्वामी भन्न नमिल्ने बलियो प्रमाण चाँगुमा नै भएको शिवदेव र अंशुवर्माको अभिलेखले बताउँछ । यो अभिलेख चाँगु नारायण स्थानमा मन्दिरको सामुन्ने रहेको गरुडको पछाडि रहेको छ । अभिलेखमा गुड्दीमक ग्राममा बस्ने मुखिया लगायत गृहस्थीहरूलाई जिम्मा लगाइएको वन क्षेत्रको सीमा तोक्ने क्रममा शुरूवात नै दोलाशिखरको वनबाट भएको छ (बज्राचार्यः २०३०, पृ. २३४-३५) । अभिलेखमा

स्पष्ट भनिएको छ कि दोलाशिखर अभिलेख रहेको स्थानबाट दक्षिण पश्चिम दिशातर्फ पर्छ, अर्थात् चाँगुनारायण अथवा अभिलेख स्थापित स्थान दोलाशिखर होइन । हुन त अभिलेखमा गुडदीमक ग्रामलाई केन्द्र बनाई सीमा निर्धारण भएको छ । यदि दोलाशिखर चाँगुको डाँडो नै हो भने गुडदीमक नामक गाउँ हालको चाँगुको उत्तर साँखु तर्फको नजिकैको कुनै गाउँ हुनुपर्‍यो । अभिलेखमा तोकिएको वनदुर्गको सीमाक्षेत्रलाई विचार गर्दा गुडदीमक ग्राम साँखुको वरपर नभई हालको भक्तपुर शहर कै छेउछाउमा भएको अनुमान गर्न सकिन्छ ।

उक्त अभिलेखको अठारौं पंक्तिदेखि चौबीसौं पंक्तिसम्म वनदुर्गको सीमा उल्लेख भएका छन् । दक्षिण पश्चिमबाट शुरू भई उत्तर र पूर्व लागेबाट घडीको चालमा सीमा निर्धारण गरिएको छ । दोलाशिखरको वन, उदल्मक सेतु, शातुन्तीदुल, शिलागृहको जग्गा र बुर्दुम्ब्रादुल नदीको दोभान, उत्तर तर्फ माणीमति (मनहरा) को किनारै किनार हुँदै भारविश्रामणको स्थान त्यसभन्दा पूर्व खोल्चो त्यसपछि रिम्शिङ्को सेतु, प्रोज्ञम्बु, प्रोडनीप्रङ, प्रोडप्रोवाडको दोभान । त्यताबाट पहाडको फेदी हुँदै विल्हडखो सोतो र बाटो हुँदै दक्षिण तर्फ पानीको झरना र बाटोको ढुङ्गा हुँदै डाँडाको फेदीसम्म सीमा निश्चय भएको छ । यस अभिलेखमा उल्लेखित विवरणका आधारमा तयार गरिएको नक्सा यस प्रकार हुन आउँदछ ।

चाँगुनारायणमा प्राप्त अंशुवर्माको अभिलेख अनुसारको वनदुर्गको सीमा चित्र



माथिको नक्सानुसार यदि दोलाशिखर स्वामी चाँगुनारायण हुन् र अभिलेखमा उल्लेख भएको गुडदीमक ग्राम हालको साँखु नजिकैको कुनै गाउँलाई अनुमान गरी विचार गर्दा दोलाशिखर हालको भक्तपुर जिल्लाको दक्षिणी सीमा तिर कुनै ठाउँमा अनुमान गर्नु पर्ने हुन्छ । यो दोलाशिखरमाला पूर्व साँगा-भन्ज्याङबाट शुरू भई पश्चिम सिस्नेरी लामाटारसम्म फैलिएको छ । यो पर्वत मालाले उत्तर र दक्षिण दुवै तर्फ अनगिन्ती डोलहरू रचना गरेका छन् । त्यसैले पनि यो पवर्तमालालाई 'दोला' भनिएको हुन सक्छ । साथै यो पर्वतमाला चाँगु जस्तो सुतेको थुम्को नभई अग्लो डाँडो भएको कारणले पनि यसलाई 'शिखर' भनिएको हुन सक्छ ।

दोलाशिखरमा हालसम्म पनि प्रमुख दुई शिवालय छन् ती हुन् (१) अनन्तलिङ्गेश्वर जसलाई लिच्छविकालमा 'लोकपाल स्वामी' भनिएको थियो, (२) डोलेश्वर महादेव, जसलाई लिच्छविकालीन दोलाशिखर स्वामी अनुमान गर्न सकिन्छ ।

डोलेश्वर महादेवः

डोलेश्वर महादेव मन्दिर हाल भक्तपुर जिल्लाको सिपाडोल गा.वि.स. क्षेत्रभित्र पर्छ । मन्दिरको परिसर भित्र रहेकी विमलादेवीको नामबाट छेउमै बग्ने सानो नदी (खोल्चो) लाई "विमला तीर्थ" भन्ने पनि चलन छ । शिवालयमा अविरल पानी आउने ढङ्गेधारा छ र पुराना पाटीहरू भत्किएका छन् । मन्दिरको प्रवेश द्वारलाई नै छेकिने गरी स्कूल भवन बनेको छ । जंगममठ भक्तपुर अन्तर्गतका वीरशैव मतावलम्बी जंगम नै पुजारी छन् (श्रेष्ठः २०५६) । मन्दिरको अवस्था रूग्ण छ । मुख्य चाडपर्वमा भक्तपुर नगरका दर्शनार्थीहरू पनि पुग्ने गर्छन् ।

यो डोलेश्वर महादेवको ऐतिहासिक महत्त्वलाई मन्दिरकै आडमा रहेको राजा भूपतीन्द्र मल्लको ने.सं. ८२८ को अभिलेखले प्रमाणित गर्छ । अभिलेख अनुसार राजा भूपतीन्द्र मल्लले डोलेश्वर महादेवको मन्दिर जीर्णोद्धार गराएर सुनको कलश चढाएका थिए । शिलालेखमा राजा भूपतीन्द्र मल्लले 'श्री दोलेश्वर महादेवस्य स्तोत्र' भनेर

डोलेश्वर महादेवको प्रशस्ती लेखिएको छ । यसबाट यो मन्दिरको अस्तित्व लिच्छविकालदेखि नै निरन्तर रूपमा रही आएको प्रष्ट हुन्छ (जोशीः २०३०) ।

काल र परिस्थिति अनुसार कुनै समयमा कुनै मत र सम्प्रदाय लोकप्रिय हुन्छ भने कुनै समयमा त्यही उपेक्षित पनि हुन पुग्दछ । लिच्छविकालको शुरूमा वैष्णव मत बढी लोकप्रिय थियो भने पछि बौद्ध र शैवमतले बैष्णव सम्प्रदायलाई उछिनेको पाइन्छ । आज डोलेश्वर महादेव त्यति लोकप्रिय छैनन् तापनि लिच्छविकालका 'दोलाशिखर स्वामी' हुन सक्दैनन् भन्न मिल्दैन ।

हंसगृहद्रङ्गः

आजसम्म पाइएका लिच्छवि अभिलेख मध्ये जम्मा दुई अभिलेखमा मात्र 'हंसगृह' को उल्लेख पाइयो । पहिलो अंशुवर्माको हाँडिगाउँको अभिलेख जसमा "हंसगृह देवस्य पु ३ प १" भनी हंसगृहका देवताहरूलाई खर्च तोकिएको छ । दोश्रो नरेन्द्रदेवको समयमा अनन्तलिङ्गेश्वरमा स्थापित अभिलेखमा 'हंसगृह' को वर्णन गरिएको छ । पहिलोमा "हंसगृह" मात्र लेखिएको छ भने दोश्रोमा "हंसगृहद्रङ्ग" उल्लेखित छ । यसबाट अंशुवर्माको समयदेखि नरेन्द्रदेवको समयसम्मको आधा शताब्दीको अन्तरालमा हंसगृहले शहरको रूपमा विकसित भएर 'द्रङ्ग' को दर्जा पाएको देखिन्छ ।

धनवज्र बज्राचार्य लगायत अन्य, कतिपय विद्वान्हरूले अनन्तलिङ्गेश्वरको अभिलेखलाई व्याख्या गर्ने क्रममा "हंसगृहद्रङ्ग" नामको तत्कालीन प्रसिद्ध शहर अनन्तलिङ्गेश्वरकै छेउछाउमा थियो भनेका छन् । तर अभिलेखले यो कुरा किटान साथ नबोलेको र भौगोलिक एवं प्राकृतिक स्थितिलाई दृष्टिगत गर्दा पनि त्यहाँ हंसगृहद्रङ्ग नामक शहर नरहेको र नभएको स्पष्ट अनुमान गर्न सकिन्छ । अनन्तलिङ्गेश्वर आसपासमा हंसगृहद्रङ्ग जस्तो विकसित शहरको भग्नावशेष पनि कतै देखिदैन । त्यसैले स्पष्ट छ हंसगृहद्रङ्ग नामक विकसित शहर त्यस भेगमा थिएन जहाँ त्यो नाउँ उल्लेख भएको अभिलेख प्राप्त भयो ।

हंसगृहद्रङ्ग के र कहाँ थियो भन्नु भन्दा पहिले 'द्रङ्ग' शब्दको बारेमा विचार गरौं । शब्दकोषमा द्रङ्गको अर्थ किटानसाथ नखुले पनि विभिन्न विद्वान्हरूको व्याख्यानुसार 'द्रङ्ग' एउटा विकसित बस्ती हो जसले प्रशासनिक अधिकार पाएको हुन्छ । यसमा मेरो पनि सहमति छ । तर कस्तो शहर भने आसपासका स-साना गाउँहरूलाई प्रशासनिक रूपमा अधीन गर्ने बस्तीलाई द्रङ्ग भनिन्छ । यस हिसाबले विचार गर्दा द्रङ्ग एउटा ग्रामीण इलाका सहितको नगर हो । त्यसबखतका अभिलेखलाई हेर्दा ग्राम, तल र द्रङ्गका सीमा समयानुसार परिवर्तित भइरहेका देखिन्छन् । कुनै राजाको समयमा निश्चित सीमा र बस्तीले पाएको हैसियत, अर्को राजाको समयमा थामिने, गुम्ने र परिवर्तन हुने कार्य पनि जारी रहेको देखिन्छ । वर्तमान भक्तपुर वा भादगाउँ शहरको नेवारी नाम 'ख्वप' हो । यस बस्तीलाई लिच्छविकालमा खपुडग्राम खुलप्रिङ्गग्राम, खोप्रिङग्राम, माखोदुलु र माखोप्रिङद्रङ्ग आदि भनिन्थ्यो । यसरी नाम मात्र परिवर्तन भएका होइनन् कि समयानुसार प्रशासनिक अधिकार र सीमा समेत फेरबदल भएका भेटिन्छन् ।

त्यसैले लिच्छविकालमा जति पनि बस्तीहरू वा गाउँ तथा शहरहरू थिए ती सबैजसो उजाडिएका वा लोप भइसकेका छैनन् । कुनै न कुनै रूपमा आफ्नो अस्तित्वलाई दर्शाई नै रहेका छन्, जस्तै कुर्पासी ग्राम = खोपासी, एतङग्राम = यङवहाल (पाटन), कोलीग्राम = कान्तिपुर, लप्रिङ ग्राम = लुभु, पाँगु = पाँगा, चुस्टुङ ग्राम = टिस्टुङ, नुपुन ग्राम = नैकाप, सत्वौमालम्वा = सतुंगल, शितटी ग्राम = सीतापाइला, थंसम्पिम = थानकोट, थम्बु ग्राम= थैव, लेवन्ती ग्राम = लेले र बुगायुमी ग्राम - बुङमती आदि ।

यी माथिका उदाहरणले स्पष्ट गरेको छ कि लिच्छविकालका सबैजसो बस्ती वर्तमानमा पनि अस्तित्वमै रहेका छन् । त्यसैले हंसगृहद्रङ्गलाई संकेत गर्ने नाउँ पनि वर्तमान काठमाडौं उपत्यकामा नहोला भन्न सकिन्न । यस दृष्टिकोणबाट विचार गर्दा हंसगृहद्रङ्ग उपत्यकाको केन्द्रभागमा आवस्थित हुनपर्छ । प्राप्त भएको अभिलेखको आधारमा विचार गर्दा पनि उपत्यकाका द्रङ्गहरूमा हंसगृहद्रङ्ग प्रमुख थियो । अभिलेखहरूमा उल्लेखित द्रङ्गहरूको अवस्थितिलाई

प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बाँकी)

हीनै होला भन्याभिङ्गनाराम्दाय्या मानवीर रणवास अर्जिचह्राया सो अर्जीदुमा
निम्नाही पठाइदियाकोछ भैरयाही ह्वयाकरा हेछ भन्यागरिदिन्याका मगर कु
गावाट आयाकोचिठी पठाइदियाकोछ हेरिबुझी रेला आलीलाल मोहरलिफा २३
कागजचाडो पठाइदेउ रुलोवँडुकहोंदा भन्याउन्या आडुसेगजीनमाफलामको
पातालेफरेन्गीजमिस्त्रीसंगका कालेजनिका मेलन्यादाबलीछ पठाइदेउस
कामरामच्याभुभ

जेष्ठवदी-गोज.म

तसैविचमा श्रीजनरलचीरसमेरजङकुवरगाजीका हजुरमा सेठाकाजीलेचह्रा
इपठायाको श्रीकँछाजनरलसाहेवबाट पठाइवक्सनुभयाकोचिठी आइपुग्या मा
हैवँमलेखनुभयाकोरहेछ गोर्खा भोट २को कुरामावन्दोवस्त भया श्रीपवादमाहरि
सानी ह्वयाछैनन् भोटगोर्खाको प्रजाहरुसवैलाइपनीसुखहोला लडाश्री भयास
वैलाइरुलोडुयपार्उन्छन् भनीहामीचिन्तमा डुबलागीरहेछ गीतसंगवन्दोवस्त
मिलन्यागरि चिन्काइकुमले कामकामगर्न्या वडा अम्वाका कचहरिमा अर्जिचि
ह्रायावठीयाहोला भन्याजस्तोलाग्याकोथियो यसैविचमा सिभुकालामाले वँ
न्दोवस्तकाकुरागर्न आयाको १दीनपछी सिपाहीलडाश्रीगर्न आया वन्दोव
स्तकोकुरागर्नर लडाश्रीगर्न्याकुराडुवैमँगकन्तुहले होला इकुरा भोटव
ल्या वडा अम्वालाई हामीले विँतिगर्न्या हामीहरुनिमापकरि तले रुलोडँड
छ्छ यसपालानिम्राचिठीमा मिनिष्ठरसाहेवरमेरो २जनाको भेट भयाव
न्दोवस्त होला मेराचित्तमा लाग्दछ भनीजेभ्याको मेराचित्तमापनी वँदोव

सभया वछोयाहोला भन्याठुलोआश्चाद्ध निश्चयेभेट गर्न्यामन्सुवाछ्ताापनी
वाटामासिपाहीछेमैदुनाले आवत जावत गर्नु गाह्रोहुंछ १वैदावत्त गर्न्याकुराको
निश्चयगरि राजनीतिमामिलन्या भया कामगर्नु सजिलोहुंछ छेरेकुरालेश्री आ
उदा हामीहरुले बुझ्न सक्यान विन्तिगर्नु असजिलो भयो येकतरफ्वाट ल
डाअी गर्न्या येकतरफ्वाट कुराकानीगर्न्या येकैवखत्माडुवै कुरागर्न्या दशु
रहोइन लडाअी भयापछी कुरागर्न्याकामकैन कुरागर्नलाग्यापछी लडा
अीगर्न्या दशुरहोइन बडाराजकोरैतिहोकीजनरलको मनपरिगयाको
हो भुताल्वेलाई दोस्रालाई अधीकुरामा यठाई यदितात्वे औंफे जानुहुव
स भनी विन्तिगर्दा भोट वख्या बडाहे अम्वासाधुमन आउदा वाटामाअ
र्जिचह्राया आउन्याछन् ताहामिल्नु भयो भन्या वछोयाछ मिलापभयेनभ
न्या मलाई दोस्रैकैन मलाई सुलासा (लेखी) आया जाहा भन्यापनी आईछुसैका
नछुन्यागरि जनरलवाट सबैमानिसको रक्षाहुनछी दुश्मन्यावुझी आपस
मा जवापलेखनु होला भेसे भया सबैमानिसलाई सुखछुन्या ठुलो कामग
र्नु भया श्री ५ देवदेवताहरु सबैके मथे सुदृष्टि होला यत्र चिन्तवाना शुभम्

ज्येष्ठ वदी १ रोज ५ मा

तेस्रो वखत्मा श्रीमिनिष्टर जनरलवाट कप्तान अम्बरसिंह वरराणाजीलाई
लेश्री गयाको आहा वाट जवापआयाछि जानु भैछैन जानु भन्या चिठी
पुरदा दुस्मनको मुलुक फिरि भन्याजगामाट फिरिमो सादः आइवख्याका

म वठीया भयेछ हिउंले वाटो खुल्याको हवैन पछि हिउ माथुर्नजाला भनानिमि
त्त वैसाखका दिन १५ जोदा कासाथेत्मा नजोनु भनी लेखीगयाको हो अवर हिउं
ले वाटो पनी खुल्योहो यो चिठी पुग्नी विच्चिके जोतथार भयाका पछुन्का पा
ल रसद गोदू पछुन्लाइ फुगा पुगीजीसम्म हर्षतन्नु न्यागरि मोल्तीगीराजा
धीर्जेथोपक्याल विष्टले तयारीगर्याका सिपाही सेतली चाडोगरि फुगा
जान्याकामगर फुगाफत्ते भयो हामीफौज फुगामा जाछ श्रीपाइमसि
निष्टरदाज्यूपनी पछुन्ली फुगापठाउनु भयो तिमीहरुले पनी पछुन्ली
चाडोफुगा मागेवक्याकामगर श्रीलालभरुले रसद अड्काया भनी लेख्याका
कुराजाइ जेगी रसद अड्काया वापत जीवानाभैगयो अव अड्काउनसक
न्याछैन रसद जनावरलाई वोकाइ रसदको अड्काउनछन्यागरि पछुन्ली फु
गा जान्याकामगर श्रु भ्म

ज्येष्ठ वदी ८ रोज ५ मा

नरेश्वरजन्मा श्रीमन्निष्टरजनरालवाट श्रीजनरलवडीनरसिंहकुवरराणा
जीलाई लेखीगयाको लेखीगयावमोजिम गुरा भन्याजगाफत्ते भयाको
फत्तेनामाको २१ तापको वछाइगर्न्याकामवछियागयादेखी फुगाफत्ते भ
याको विस्तार पनी श्रीपाइमनिष्टरदाज्यूवाट अघीलेखीपठाइवक्स
नु भयाको चिठीपुरी भालमभयाको हो कपतान अम्वरसिंकुवरराणाजी
वाट रसद रसद वोक्न्याजनावर गढुनमा रागरि थाक ५ गाउं १२ गाउं
ले १७ ल्याया फेरि रसद ल्याउं भन्या भोट नरफ अनाजगढू १ मानापनी

ABOUT THE AUTHORS

Mrs. Shobha Shrestha	— Chief Research Officer, Dept. of Archaeology, HMG/Nepal
Mr. Vijaya K. Manandhar	— Associate Professor, Central Dept. of History, Tribhuvan University, Nepal
Mr. Om Prakash Yadav	— Chemist and Conservator, Department of Archaeology, Central Conservation for Cultural Heritage, HMG/Nepal
Dr. Beena Poudyal	— Associate Professor, Central Dept. of NeHCA, Tribhuvan University, Nepal
Mr. Bhaveshwar Pangeni	— Lecturer, Central Dept. of History Tribhuvan University, Nepal
Mr. Prakash A. Raj	— Research Scholar, Nepal
Mr. Bharat Mani Jamgam	— Research Scholar, Nepal

"**प्राचीन नेपाल**" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयको सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor or The Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal